मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

## माओवादीप्रति जनताको भरोसा छः अध्यक्ष दाहाल



समाचार पृष्ठ ५ मा

वर्ष ३ | अंक ५२ | २०८१ साल पुष १६ गते मंगलबार | Tuesday 31, December 2024 | सूर्योदयः बिहान ६:५४ बजे | सूर्यास्तः साँझ ५:२१ बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

# तराई मधेशमा शितलहर, जनजीवन प्रभावित



**मधेशदृष्टि**
**वीरगंज ।**
तराई मधेशका जिल्लाहरूमा सोमबारदेखि शितलहर शुरु भएको छ । मधेश प्रदेशको पश्चिम भूभाग तथा बागमती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका तराईका भूभागमा सोमबार बिहानैदेखि बाक्लो हुस्सुसँगै शितलहर शुरु भएको हो ।

जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाका वरिष्ठ मौसमविद् शान्ति कँडेलले यो क्रम केही दिनसम्म तराईमधेश क्षेत्रमा निरन्तर रहने बताइन् । बाक्लो हुस्सु र कुहिरोसँगै शितलहरका कारण तराई क्षेत्रमा हवाई तथा सडक यातायातका साथै कृषि र पर्यटन क्षेत्रसमेत प्रभावित हुनसक्ने भन्दै वरिष्ठ मौसमविद् कँडेलले सबैमा सतर्कता अपनाउन आग्रह गरेकी छिन् ।

तराईमधेश बाहेक देशका अन्य भूभागमा मौसम सामान्यतया सफा अवस्थामा रहने र अबको ३ दिनसम्म देशका कुनै पनि स्थानमा वर्षा र हिमपातको सम्भावना नरहेको पनि वरिष्ठ मौसमविद् कँडेलले जानकारी दिइन् ।

सोमबारदेखि एक्कासि बढेको चिसोसँगै शितलहर शुरु भएपछि बारा, पर्सा, रौतहट, धनुषा, महोत्तरी, सिरहा, सप्तरीसहितका मध्य तथा पूर्वी तराईका जिल्लामा जनजीवन प्रभावित भएको छ । जनकपुरधाममा पनि सोमबार बिहानैदेखि बाक्लो कुहिरो लागेका कारण चिसो बढेको छ । कुहिरो लागेकाले धनुषाको जनकपुरसहित आसपासका जिल्लामा बिहानतिर सवारी साधन सञ्चालनमा समेत समस्या भएको छ ।

यस्तै, बाक्लो हुस्सु, कुहिरो र शितलहरका कारण लुम्बिनी र सुदूरपश्चिम प्रदेशका तराईका भूभागमा जनजीवन प्रभावित बनेको छ । सोमबार बिहानदेखि बढेको चिसोसँगै शितलहर शुरु भएपछि पर्सा, बारा, रौतहट सहितका मध्य तराईका जिल्लाको जनजीवन अत्यधिक प्रभावित भएको छ ।

मौसममा आएको अस्वाभाविक परिवर्तनले तराईमा चिसो ह्वात्तै बढेको हो । बिहान बाक्लो हुस्सुसँगै दिनभर कुहिरोका कारण चिसो बढेको छ, बिहानदेखि कुहिरोसँगै चल्ने चिसो हावाले मानिसहरू घरबाहिर निस्कन सकेका छैनन् । बजार तथा शहरमा मानिसको चहलपहल निकै कम भएको छ ।

बिहानै खुल्ने व्यापारिक पसल र बजार पनि ढिलो खुलिरहेका छन् । चिसो बढेपछि ज्याकेट र न्यानो कपडा पसलमा ग्राहकको भिड बढेको छ । चिसो अझ बढ्नसक्ने अनुमानका कारण मानिसले न्यानो लुगा जोहो गर्न थालेका छन् । बाक्लो हुस्सु र शितका कारण पूर्वपश्चिम राजमार्गको यातायात पनि प्रभावित भएको छ । कठ्याग्रिँदो चिसोसँगै बाक्लो हुस्सु लाग्नाले सवारी साधनको आवागमनमा असर पुगेको हो । बाक्लो हुस्सुले भिजिबिलिटी कम हुँदा सवारी साधन कम गतिमा बत्ती बालेर गुड्न बाध्य छन् ।

बाक्लो कुहिरोका कारण यातायातका साधन दुर्घटना हुने सम्भावना बढेकाले आवश्यक सावधानी अपनाउन जिल्ला ट्राफिक कार्यालय पर्साले अनुरोध गरेको छ भने जिल्ला जनस्वास्थ्य कार्यालयले पनि चिसोबाट जोगिन तथा बालबालिका र वृद्धवृद्धाको विशेष ध्यान दिन अनुरोध गरेको छ ।

शितलहर शुरु भएसँगै विपन्न, वृद्धवृद्धा, बालबालिका, दीर्घरोगी तथा दैनिक ज्यालादारीमा काम गर्ने मजदुर प्रभावित भएका छन् । जाडोमा तराईको समतल क्षेत्रमा हुस्सु लाग्नु तथा शितलहर चल्नु सामान्य भए पनि स्थानीय तहले यसबाट बच्न पूर्वतयारी नगर्दा बर्सेनि समस्या हुने गरेको छ । गर्मीमा तातो हावा चल्ने र जाडो महिनामा निकै चिसो हुने भएका कारण तराई क्षेत्रमा मौसमजन्य प्रतिकूलतासँग जुध्न सावधानी अपनाउनुपर्ने भए पनि समयमै सावधानी नअपनाउँदा समस्या हुने गरेको छ ।

हार्दिक बधाई



कम्प्युटर एशोसिएसन अफ नेपाल (क्यान) का केन्द्रीय सचिव जस्तो गरिमामय पदमा निर्बिरोध निर्वाचित हुनुभएकोमा दिपक साहलाई हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

राहुल कुमार साह
सचिव
क्यान महासंघ जिल्ला पर्सा

# मन्त्रीज्यू, कता हुनुहुन्छ ?

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
तपाईंलाई थाहै छ, मधेश प्रदेश सरकार अहिले गुमनाम छ । अघिल्लो सरकारजस्तो बदनाम पनि छैन तर नाम पनि छैन । सरकार कता छ कता, चार दलको सरकार चारतिर पुगेपछि सत्तारुढ दलहरु नै भनिरहेका छन्, ‘भनेका बेला सरकार भेट्नै गाह्रो ।’ फेरि सरकारले जनतालाई अरु सरकार बिर्साउने गरी काम गरेको पनि देखिएको छैन । आइतबार मात्रै प्रमुख प्रतिपक्ष दल जनता समाजवादी पार्टी नेपालले संसदीय दलको बैठक नै राखेर प्रदेश सरकारलाई प्रदेश सभा बोलाउन आग्रह गरेको छ । प्रदेश सरकारले बजेट करोडमा खर्च गरेको छ, अर्बौं रुपैयाँ बजेट भएको प्रदेश सरकारले ६ महिनामा करोडमा सीमित खर्च गरेपछि यो सरकार के गरिरहेको छ ? प्रश्न उठ्ने नै भयो ।

मधेश भवन पुगेर मुख्यमन्त्री र मन्त्रीलाई कार्यकक्षमा भेट्ने चाहना राखियो भने यो ठूलो दुःख बिसाएजस्तो हुनेछ । बरु जानकी मन्दिर जाँदा साक्षात् मात जानकीको दर्शन पाउन सकिन्छ, तर मधेश भवनमा मुख्यमन्त्री र मन्त्री हत्पत्ति भेटिन्नन् । भेटेका दिन आफूलाई गौरव महसु गर्न पाउनु हुनेछ, कम्तीमा मैले त मन्त्रीलाई देख्न पाएँ–भेट्न पाएँ । मुख्यमन्त्री र मन्त्रीहरु कार्यकक्षमा भेटिन छाडेका छन् । मन्त्रालयमा झुण्डिएका नेमप्लेटले भनिरहेको हुन्छ, मन्त्री ‘बाहिर ।’ कार्यसम्पादन गतिलो नदेखिएका मन्त्रीहरु जान्छन् कहाँ ? प्रश्न उब्जिरहेको छ । साँझपख उनीहरु निकट केही मिडियाले लेख्छन्, ‘मन्त्री उद्घाटनमा पुगेका छन्, रिबन काट्न पनि भ्याएका छन् ।’

मुख्यमन्त्री सतिश कुमार सिंह र प्रदेश मन्त्रीहरुको अधिकांश समय ‘उद्घाटन’ कार्यक्रममा बितिरहेको छ ।

जेठ २५ गते संविधानको धारा १६८ को उपधारा २ बमोजिम जनमत पार्टीबाट सतिश कुमार सिंह मधेश प्रदेशको मुख्यमन्त्री नियुक्त भएका थिए । मुख्यमन्त्री सिंहको नेतृत्वमा बनेको सरकारले ६ महिना पूरा गरिसकेको छ ।

तर, ६ महिनामा मधेश सरकारले नागरिकका न्युनतम आवश्यकता पनि पूरा गर्न नसकेकामा आलोचना बढिरहेको छ । युवा अभियान्ता सरोज मिश्रले भने, ‘मुख्यमन्त्री सिंह र यहाँका अधिकांश मन्त्री कार्यालय समयमा मन्त्रालयमा भेटिँदैनन् । उनीहरु बिहानदेखि बेलुकासम्म विभिन्न महोत्सवको उद्घाटन तथा सभासमारोहमा समय बिताउँछन् ।’ उनका अनुसार, गतिशीलता र जनताप्रति उत्तरदायित्वमा प्रदेश सरकार गम्भीर देखिएको छैन ।

समाचारहरुका अनुसार, मधेश सरकारका एक जना मन्त्री दैनिक तीनदेखि पाँच वटा कार्यक्रममा सहभागी भएको भेटिएका छन् । एकातिर मधेश प्रदेश सरकारमा कर्मचारीको अभाव, त्यसमाथि मन्त्रीहरु पनि मन्त्रालय भन्दा बाहिर नै रमाउन थालेपछि ६ महिना त यतिकै बिते, अरु महिना पनि जनताका लागि छुट्टिएको बजेटमा चासो नदिने पो हुन् कि ?

# मन्त्रिपरिषद्ले प्रदेश सभा बोलाउन सक्ने



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सभाको बैठक बोलाउने विषयमा मधेश प्रदेश सरकारले छलफल गर्ने भएको छ । तीन महिनादेखि स्थगित मधेश प्रदेश सभा बैठक आह्वानका लागि सरकारले तयारी गरिरहेको छ ।

सरकारमा सहभागी दलहरुबीच बैठक आह्वानबारे तयारी गरिएको हो ।

प्रदेश सभामा केही विधेयक रहेको र आवश्यक छलफलपछि पारित गराउन बैठक आह्वान गर्न लागिएको हो । भौतिक पूर्वाधार मन्त्री सरोजकुमार यादवले मंगलबार बस्ने मन्त्रिपरिषद बैठकबाट प्रदेश सभा सञ्चालनको विषयमा निर्णय गर्न सक्ने जानकारी दिए । उनले जनताका प्रतिनिधिले जनताको समस्या उठाउने थलोको रुपमा रहेको प्रदेशसभाको बैठक आह्वान गरिने तयारी गरिएको र केही विधेयकसमेत टेबुल गरिने तयारी गरिएको जानकारी दिए ।

उनले भने, ‘सत्तागठबन्धनको बैठकबाट प्रदेश सभा सुचारु गर्ने विषयमा छलफल भएको छ, मुख्यसचिव बिदामा भएकाले केही समस्या भएको हो, मंगलबार बस्ने मन्त्रिपरिषद् बैठकमा यस विषयमा निर्णय गरिने छ ।’ बजेट सञ्चालनमा देखिएको जटिलता हटाउनसमेत प्रदेश सभा बैठक आवश्यक भएको छ ।

आइतबार मात्रै जनता समाजवादी पार्टी, नेपालले मधेश प्रदेश सभा बैठक तत्काल आह्वान गर्न सरकारको ध्यानाकर्षण गराएको थियो । लामो समयदेखि प्रदेश सभा सञ्चालन नगरेको भन्दै मधेश प्रदेश सभा तत्काल सञ्चालनका लागि दबाब सिर्जना गर्ने निर्णय गरेको थियो । आर्थिक वर्ष २०८१–८२ को बजेटमा राखिएका विभिन्न विकास निर्माणका योजना सञ्चालन हुन नसक्दा प्रदेश सरकार आफैँ पनि अप्ठेरोमा परेको छ ।

# डेढदशकपछि काठमाडौँमा मधेशवादीहरु एकठाउँमा

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
दोस्रो जनआन्दोलनले तय गरेको आधारमा हुन लागेको तत्कालीन संविधानसभा निर्वाचन नै बिथोलिने गरी भएको मधेश आन्दोलनको डेढ दशकपछि मधेशवादी नेताहरु एउटै मञ्चमा भेला हुँदैछन् ।

यो अवधिमा मधेशमा अधिकारका लागि आन्दोलन गरेका नेताहरु धेरै जुटे, धेरै फुटे । मधेश केन्द्रित कैयौँ नयाँ पार्टीको उदय भयो, कैयौँ पार्टी हराएर गए । समय समयमा विचार मिल्ने दलहरुबीच एकता पनि भयो त कहिल्यै कार्यगत एकतामा सीमित रह्यो । यतिबेला सबै नेता सबैतिर मुख फर्काएको अवस्थामा पहिलोपटक एउटै मञ्चमा जुट्न लागेका हुन् । करिब एक दशकअघि मधेशवादी दलहरुको असहमतिकै बीच मुलुकले नयाँ संविधान पाएको थियो । संविधान सर्वस्वीकार्य बनाउन आवश्यक संशोधनका लागि पनि आन्दोलनको कुरा भयो तर मधेशवादी दलहरु एकताबद्ध रहन नसकेकै कारण आन्दोलन अघि बढ्न सकेन । यतिबेला छिन्नभिन्न भएकै कारण सबैतिर कमजोर साबित भइरहेका मधेश केन्द्रित दलका नेताहरु एकठाउँमा उभिने प्रयासमा छन् । आफ्नो प्रभावमा पुनर्ताजगी गराउन सबै मिल्नुको विकल्प नरहेको पनि उनीहरुले महसुस गर्न थालेका छन् ।

आज मंगलबार मधेशका सबै नेताहरुलाई एउटै मञ्चमा भेला गराउँदैछ मधेशी एकता समाजले । समाजका संस्थापक अध्यक्ष डा.रविन्द्र यादव तथा समाज नेपाल च्याप्टरकी डा. बबी सिंहको संयोजकत्वमा हुन लागेको विचार मन्थन कार्यक्रममा मधेश केन्द्रित दलका अधिकांश नेता आमन्त्रित गरिएको छन् ।

राष्ट्रिय मुक्ति पार्टीका अध्यक्ष राजेन्द्र महतो, जनमत पार्टीका अध्यक्ष डा. सिके राउत, आमजनता पार्टीका अध्यक्ष प्रभु साह, पूर्वमन्त्रीहरु हृदयेश त्रिपाठी, अनिल झा, राजकिशोर यादव, इस्तियाक राइन, स्वतन्त्र सांसद अमरेश सिंह, मधेशी एक्टिभिस्ट तुलानारायण साह र शिक्षाविद् दिपेन्द्र चौवेलगायत मधेशवादी अभियान्ताहरु कार्यक्रममा बोलाइएका छन् ।

मंगलबार दिउँसो १२ बजे अनामनगरस्थित तमु बौद्ध सेवा समिति परिसरमा मन्थन कार्यक्रम तय भएको छ ।

# आओर एक नेपालीमे मङ्किपक्स पुष्टि

काठमाण्डू ।
आओर एक नेपालीमे मंकीपक्स पुष्टि भेल अइछ । साउदी अरेबियासँ आएल ४४ वर्षीय पुरुषमे सङ्क्रमण पुष्टि भेल स्वास्थ्य तथा जनसंख्या मन्त्रालयक प्रवक्ता डा प्रकाश बुढाथोकी राससकेँ जानकारी करेलैथ ।
ओ कहलैन, 'एक गोटेमे आओर पुष्टि भेल बात साँच छै। परीक्षणके क्रममे सङ्क्रमण देखल गेल छै ।
सङ्क्रमणके पृष्ठभूमिबारे जल्दीए आओर विवरण सार्वजनिक करब ।'
वितल पुस ५ गते साउदी अरेबियासँ नेपाल आएल तनहुँके ३६ वर्षीय एक पुरुषमे सङ्क्रमण पुष्टि भेल छल । अइसँ पहिने नेपालमे पहिल बेर विदेशी नागरिकमे २०८० असार १ गते मङ्किपक्स सङ्क्रमण पुष्टि भेल छल ।
मङ्किपक्सके सङ्क्रमण बिफर रोग प्रजातिक भाइरससँ होइत अइछ ।
एमपक्स रोग लोकसँ लोकमे वा जानवरसँ लोकमे लागैत छै । ई रोग सङ्क्रमित व्यक्ति वा सङ्क्रमित पशुसङके सम्पर्कमे आएलापर पशुमे घाउ, शरीरसँ पिज, पाइन, फोका, शरीरसँ निकलल थुक, लेर, सङ्क्रमित बानर, मुस, लुख्खीलगायत जानवर आ भाइरसयुक्त बिछौना तथा कपड़ासँ फैलैत अइछ ।

# क्यान्सरविरुद्ध आओर पाँच लाख खोप आनल गेल

काठमाण्डू ।
किशोरीकेँ पाठेघरके क्यान्सर विरुद्ध 'ह्युमन पापिलोमा भाइरस' (एचपिभी) खोप आनल गेल अइछ ।
स्वास्थ्य सेवा विभागके आपूर्ति व्यवस्थापन महाशाखाक निर्देशक डा पवनजङ्ग रायमाझीके अनुसार रैवदिन चाइर लाख ९६ हजार दू सओ ८० मात्रा खोप आनल गेल अइछ । सरकार अइसँ पहिने दू बेर एचपिभी खोप आनल गेल अइछ । उक्त खोप टेकुस्थित भण्डारण कक्षमे राखल गेल अइछ ।
पहिनुकवा खोपकेँ प्रदेश कार्यालयमे पठाएल गेल आ ई खोप सेहो प्रदेश कार्यालयमे पठाएब निर्देशक रायमाझी जानकारी देलैन अइछ ।
'एचपिभी' खोप 'भ्याक्सिन आ खोपक लेल ग्लोबल एलायन्स' (गाभी)के सहयोगमे चीनसँ नेपाल आनल गेल अइछ । सरकार किशोरीकेँ पाठेघरके क्यान्सरसँ बचेबाक लेल अगिला माघ २३ गतेसँ खोप अभियान सञ्चालन करत । पन्ध्र दिवसीय अभियानअन्तर्गत कक्षा ६ सँ १० धैर आ विद्यालयबाहर १० सँ १४ वर्ष उमेरक १६ लाख ८८ हजार नौ सओ किशोरी खोप लगेबाक बालस्वास्थ्य तथा खोप शाखाक प्रमुख डा अभियान गौतम जानकारी देलैन अइछ ।
हुनक अनुसार १७ लाख ७० हजार मात्र गाभी नेपालकेँ उपलब्ध कराएल जाएत ।
नेपालमे हरेक वर्ष पाठेघरक क्यान्सरसँ चाइर गोटे महिलाक मृत्यु भ रहल अइछ । पाठेघरक क्यान्सरके मुख्य कारण ह्युमनपापिलोमा भाइरस सङ्क्रमण छियै तँए, एकर विरुद्ध खोप लगेबाक चाही ।

# लहानमे अटोरिक्सा बृद्धि भेलासँ ट्राफिक व्यवस्थापनमे समस्या

सिरहा ।
व्यावसायिक रुपमे सञ्चालित अटो रिक्साक सङ्ख्या बृद्धि भेलासँ सिरहाक मुख्य बजार लहानमे ट्राफिक व्यवस्थापनमे चुनौती भ रहल अइछ । पातर सड़क आ जभाभावी अटो रिक्सा चलेलासँ सवारी दुर्घटनाक जोखिम सेहो बढ़ल अइछ । भित्री सड़कमे चलेलापर अटो रिक्सा बजार क्षेत्रमे केन्द्रित भेलासँ ट्राफिक व्यवस्थापनमे समस्या भ रहल जिला ट्राफिक कार्यालय सिरहा, लहानक प्रमुख प्रहरी निरीक्षक पोषणराज थपलिया बतौलैन । ओ कहलैन, 'अधिकांश अटो चालकमे ट्राफिक नियमप्रति चेतनाक कमिसँ ट्राफिक व्यवस्थापनमे समस्या भेल अइछ । भित्री सड़कमे चलैबला अटो रिक्सा बजार क्षेत्रमे आ मुख्यत पूर्व–पश्चिम राजमार्ग केन्द्रित भेलासँ समस्या भेल छै ।'
प्रमुख थपलिया अटोरिक्सा नियमन कार्यविधि नै भेलासँ अइमे स्थानीय तह आ यातायात कार्यालय धीयानकेँ देबाक लेल कहलैन । अव्यवस्थित अटो रिक्साकेँ कानुनअनुसार नियमन करबाक सिरहाक प्रमुख जिला अधिकारी वासुदेव दाहालके कहब छैन । 'सिरहाक सदरमुकाल, लहान, गोलबजार, मिर्चैयालगायतके बजार क्षेत्रमे वास्तविक क्षमतासँ बेसी अटो रिक्सा सञ्चालित छै । दुर्घटना सेहो ततबेक छै,' प्रमुख जिला अधिकारी दाहाल कहलैन, 'अटो रिक्साक नियमन आ बढैत सवारी दुर्घटना न्यूनीकरणके लेल सरोकारवाला नियन्त्रण नै करत त स्थिति भयावह बइन जाएत ।'



इलाका प्रहरी कार्यलय लहानक प्रमुख प्रहरी नायब उपरीक्षक विष्णुप्रसाद सोतके कहब छैन, 'सरकारी नीति आ प्रष्ट निर्देशिके अभावमे ई सवारीसाधनके कारण सबके कपार दुखाए रहल छै,' ओ कहलैथ, 'बजारमे रिक्सा आतङ्क बइन गेल अइछ । नियमन लेल स्पष्ट नीति आ नियम । रिक्सा चालककेँ कँसन्सके व्यवस्था सेहो नै छै । अइ कारण दुर्घटना भेलापर कर्तव्य जान मुद्दा लागत ।' ओ यातायात कार्यालय निश्चित मापदण्ड बनाएल गेल तँ रिक्सा चालककेँ लाइसेन्सके सेहो व्यवस्था करबा लेल जोड़ देलैन ।
बिना दर्ता आ अव्यवस्थित रूपसँ लहानमे चलैत आएल अटो व्याम्पो तथा ई–रिक्साकेँ व्यवस्थापन आ नियमन लेल नगरपालिका कार्यविधि तैयार क लागू करबाक प्रक्रियामे रहल नगरप्रमुख महेशप्रसाद चौधरी जानकारी देलैन अइछ । ओ रिक्सा सवारी कार्यविधि निर्माण भेलाक बाद यातायात व्यवस्थापनमे सहजता अएबाक विश्वास व्यक्त केलैन ।

# अखिल (क्रान्तिकारी)मे ३२ वर्ष उमेर हद

काठमाण्डू ।
नेकपा (माओवादी केन्द्र) निकट अखिल (क्रान्तिकारी)के नेतृत्व चयनमे उमेर हद कायम हएत ।
अखिल (क्रान्तिकारी)के प्रमुख निर्वाचन अधिकृत मुक्तिनारायण प्रधानके अनुसार, उमेर हद लगाउने पक्षमे नौ सओ आ खुला उमेर पक्षमे आठ सओ ७९ मत प्राप्त भेल अइछ । मतदानक अन्तिम नतिजाअनुसार आब क्रान्तिकारीमे ३२ वर्ष उमेर हद कायम हएत ।
उमेर हद लगाएब कि नै ताहिबारेमे क्रान्तिकारीमे अगल अगल विचार छल । प्रमुख निर्वाचन अधिकृत प्रधानक अनुसार, आब ३२ सालसँ निचासँ नेतृत्वमे चयन करबाक लेल अखिल क्रान्तिकारी अगिला माघ १२ गतेके लेल निर्वाचन कार्यक्रम तय कएल गेल अइछ ।

# नेपाल आ चीनक विश्वविद्यालयबीच सहकार्य सम्झौता



काठमाण्डू ।
प्रधानमन्त्री केपी शर्मा ओलीक उपस्थितिमे लुम्बिनी बौद्ध विश्वविद्यालय आ चीनक बेइजिङ भाषा तथा संस्कृति विश्वविद्यालयबीच सहकार्य करबाक सम्बन्धी सम्झौतामे हस्ताक्षर भेल अइछ ।
प्रधानमन्त्री निवास, बालुवाटारमे आइ भेल कार्यक्रममे लुम्बिनी बौद्ध विश्वविद्यालयक उपकुलपति प्राडा सुवर्णलाल बज्राचार्य आ बेइजिङ भाषा तथा संस्कृति विश्वविद्यालयक अध्यक्ष त्वाङ फङबीच सहमतिपत्र आदानप्रदान भेल अइछ ।
समझदारीअनुसार दुनु देशक विश्वविद्यालय संस्कृति आदानप्रदान भाषा शिक्षण, अनुसन्धान कार्यसञ्चालनक लेल काज करत । तहिना, बेइजिङमे नेपाल इन्स्टिच्यूट आ लुम्बिनीमे चाइना इन्स्टिच्यूट स्थापना हएत । प्रधानमन्त्री केपी शर्मा ओलीक वितल अगहन १७ सँ २० गतेधैर भेल औपचारिक भ्रमणक क्रममे चीनसङे स्वयंसेवी चिनियाँ भाषा शिक्षणसम्बन्धी समझदारी भेल छल ।
उक्त अवसरमे प्रधानमन्त्री एवं लुम्बिनी बौद्ध विश्वविद्यालयक कुलपति ओली नेपाल आ चीनबीच शताब्दीयौंसँ जनस्तरमे समेत सम्बन्ध भेल उल्लेख करैत दू देशबीच प्राज्ञिक आ शैक्षिक सम्बन्ध आ सहकार्य विस्तार भेलासँ खुसी व्यक्त केलैन ।
कार्यक्रममे राष्ट्रिय योजना आयोगक सदस्य गीताकुमारी पौड्याल अधिकारी, लुम्बिनी विश्वविद्यालयक रजिष्ट्रार डा तिलकराम आचार्य आ नेपालस्थित चिनियाँ दूतावासक अधिकारीलगायत उपस्थित छलैथ ।

# मौलिक पहिचानक संरक्षण आ सम्वर्द्धनमे सबके प्रयास जरूरी'

बागमती ।
बागमती प्रदेश प्रमुख दीपक प्रसाद देवकोटा मौलिक पहिचानके संरक्षण आ सम्वर्द्धनमे जोड़ देल जाए तँ सभ्य, सुसंस्कृत आ सहिष्णु समाज निर्माणमे होबाक विश्वास व्यक्त केलक अइछ ।
गुरुङ समुदाय नयाँ वर्ष तमु ल्होसार पावैनके अवसरमे आइ शुभकामना सन्देश दैत प्रदेश प्रमुख देवकोटा पावैन नेपालक गहना छियै, एकर संरक्षण आ सम्वर्द्धनमे सबके प्रयास जरूरी रहल उल्लेख केलैन अइछ ।
'बहुजातीय, बहुधार्मिक, बहुभाषिक आ बहुसांस्कृतिक विशेषतायुक्त विविधतामे एकताक अनुपम नमुना भेल सुन्दर देश नेपाल अइछ,' प्रदेश प्रमुख देवकोटा सार्वजनिक कएल शुभकामना सन्देशमे कहने छैथ, 'हमरासभ अपन मौलिक पहिचानक संरक्षण आ सम्वर्द्धनमे यथाशक्य प्रयास करए पड़त, अइसँ हमरासभकेँ सभ्य, सुसंस्कृत आ सहिष्णु समाजक निर्माणमे आओर मदत होएत ।'
तहिना प्रदेश प्रमुख देवकोटा नयाँ वर्ष सन् २०२५ के शुभकामना दैत सन् २०२४ के मूल्याङ्कन करैत कमीकमजोरी ठिकियाबैत अग्रमणके दिशामे जेबाक प्रेरणा भेटीक से कामना केलैथ ।

# प्रधानमन्त्रीद्वारा पूर्वराष्ट्रपति कार्टरके निधनप्रति दुःख व्यक्त

काठमाण्डू ।
प्रधानमन्त्री केपी शर्मा ओली संयुक्त राज्य अमेरिकाके पूर्वराष्ट्रपति जिम्मी कार्टरके निधनप्रति दुःख व्यक्त केलैन अइछ ।
आइ सामाजिक सञ्जालमार्फत नोबेल पुरस्कारसँ विभूषित कार्टरके निधनप्रति प्रधानमन्त्री ओली दुःख व्यक्त केलैथ । प्रधानमन्त्री कार्टर परोपकार, मानव अधिकार आ शान्तिक क्षेत्रमे देल योगदानके स्मरण केलैन अइछ । सङे प्रधानमन्त्री ओली कार्टरके परिवार आ अमेरिकी नागरिकप्रति समवेदना समेत प्रकट केलैन ।
अमेरिकाके ३९म् राष्ट्रपति कार्टरके एक सओ वर्षके उमेरमे रैवदिन जर्जियाके प्लेन्स शहरके अपने घरमे निधन भेल अइछ ।
हुनकर श्रीमती रोजालिनके सन् २०२३ नोभेम्बरमे ९६ वर्षके उमेरमे निधन भेल छल ।
ओ कार्टर सेन्टरमार्फत् विश्व शान्ति स्थापना, परोपकार आ पर्यावरण संरक्षण क्षेत्रमे क्रियाशील छलैथ । पूर्वराष्ट्रपति कार्टर नेपालमे पहिल बेर भेल संविधानसभा निर्वाचनके पर्यवेक्षणके लेल नेपाल भ्रमण केने छलाह ।

# 'सामाजिक न्याय आ समानतासहितके समुन्नत समाजवाद निर्माण करए पड़त'

काठमाण्डू ।
नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) क सम्मानित नेता एवं पूर्वप्रधानमन्त्री झलनाथ खनाल देशमे सब जाइत समुदायके मौलिक पावैनसभ आ संस्कृतिकेँ संरक्षण करबाक बतौलैन अइछ ।
तमु ल्होसारक अवसरमे आइ एक शुभकामना सन्देश सार्वजनिक करैत ओ बहुजातीय, बहुभाषिक आ बहुसांस्कृतिक देशमे सब नागरिकके अधिकार संरक्षण करैत सामाजिक न्याय आ समानतासहितके समुन्नत समाजवाद निर्माण करबाक बतौलैन ।
पूर्वप्रधानमन्त्री खनाल तमु समुदायलगायत सम्पूर्ण नेपाली दिदीबहिन तथा भैयारीके सुस्वास्थ्य, दीर्घायु आ उत्तरोत्तर प्रगतिक शुभकामना व्यक्त करैत ई नयाँ वर्षसँ देशमे राष्ट्रिय एकता आ सामाजिक सद्भाव कायममे मद्दत पहुँचबाक विश्वास व्यक्त केलैन । ओ नेपाली परम्परागत विशेषताक आधारमे मनाएल गेल एहन पावैनसँ सम्पूर्ण नेपालीबीच बन्धुत्व, आपसी प्रेमक भावना विकाश करबाक प्रेरणा भेटीक कहलैथ ।

# वीरगंज महानगरद्वारा 'अल्टिमेटम'

वीरगंज ।
वीरगंज महानगर घण्टाघरचोक बगलमे रहल बिपी उद्यान अतिक्रमण क तरकारी तथा फलफूल व्यापार करैत आएल व्यापारीकेँ सात दिनभितर खाली करबाक लेल दोसरबेर 'अल्टिमेटम' देल गेल अइछ ।
वीरगंज महानगरक प्रमुख प्रशासकीय अधिकृत अरविन्दलाल कर्ण वितल शुक्रदिन दोसर बेर सार्वजनिक सूचना सार्वजनिक करैत सात दिनभितर घण्टाघरस्थित बिपी उद्यान परिसरमे सञ्चालित तरकारी तथा फलफूल बजार खाली करबाक आह्वान केलकअइछ ।
महानगर अइसँ पहिने अगहन २६ गते १५ दिने सार्वजनिक सूचना सार्वजनिक देने छल । उक्त म्याद वितल पुस १० मे समाप्त भेल छल । मुदा तरकारी तथा फलफूल व्यापारी बिपी उद्यानके खाली करएसँ अटेरी करैत आइब रहल छैथ ।




वीरगंजके मुख्य स्थानमे अस्तव्यस्त बजारसँ अइ ठाँमक सौन्दर्यीकरणमे समस्या करैत आइब रहल अइछ ।
प्रमुख प्रशासकीय अधिकृत कर्ण महानगर बिपी उद्यानमे तरकारी तथा फलफूल बिक्री वितरण करैत आइब रहल व्यापारीकेँ महानगर–१६ मे रहल नगवास्थित कृषि बजारमे व्यवस्थापन भेल जानकारी देलैन ।
'महानगरद्वारा निर्धारित समयमे तरकारी तथा फलफूल बजार खाली नै कएलक तँ व्यापारी तथा व्यवसायीसँ खाली करबैत काल होएबला खर्च सेहो हुनकेसँ उपर कएल जाएत,' ओ कहलैन । बिपी उद्यान वीरगंज महानगर–९ मे अइछ । वीरगंज महानगर–९ के वाडध्यक्ष जवाहरप्रसाद गुप्ता तरकारी तथा फलफूल व्यापारीकेँ उपयुक्त विकल्प द बिपी उद्यान खाली करबाक लेल बतौलैन ।
'बिपी उद्यानकेँ सौन्दर्यीकरण तथा व्यवस्थित करबाक जरूरी अइछ । मुदा एत तरकारी तथा फलफूल व्यापार करैत आइब रहल व्यवसायीकेँ व्यवस्थापन मिलेबाक छै,' ओ कहलैन, 'वाड नम्बर १६ स्थित नगवास्थित कृषि बजार दुर छै, ताहि बाहेक आने ठाँमे विकल्पके विषयमे बातचित कएलापर बढिया हएत ।' महानगर ई ठाँममे बिपी उद्यानके व्यवस्थित बना क पर्यटकके लेल नयाँ आकर्षण केन्द्र बनेबाक तैयारी क रहल अइछ ।

सम्पादकीय

# जाडो याम, सुरक्षित रहँदै काम

अहिले जाडो याम छ । देशका विभिन्न भागमा भर्खरै शुरु भएको जाडो कतिपयलाई ठिकै लाग्नसक्छ भने कतिपयलाई यो बेलामा आइपर्ने विभिन्न स्वास्थ्य समस्याले चिन्तित बनाउँनसक्छ । विशेषगरी देशको तराई क्षेत्रमा जाडो मौसम शुरु भएसँगै चिसोबाट बच्नका लागि विभिन्न सावधानीहरु अपनाउनुपर्ने हुन्छ । किनभने, यो याममा हाम्रो स्वास्थ्यमा विभिन्न खालका समस्याहरू आइपर्न सक्छन् । जाडोलाई हामी हिउँद वा शीत ऋतु पनि भन्छौँ । वर्षको चार ऋतुहरूमध्ये यो पनि एक हो । यो समयमा तापक्रम घट्छ, दिनहरू छोटा र रातहरू लामो हुन्छन् । नेपालमा जाडो मौसम प्रायः डिसेम्बरदेखि फेब्रुअरीसम्म रहन्छ । यस अवधिमा चिसो हावा, हिमपात र तुसारो जस्ता मौसमी विशेषताहरू देखिने गदर्छ । जाडोको बेलामा हामी सुरक्षित रहनका लागि विभिन्न विषयमा उत्तिक्कै ध्यान दिनु पर्दछ ।

तराई होस् वा देशका जुनसुकै क्षेत्र जाडोका बेलामा बच्नका लागि हामी सुरक्षित उपायको खोजी गर्नुपर्छ । यो बेलामा शरीरलाई चिसोबाट जोगाउन टोपी, मफलर, पन्जा, मोजा जस्ता न्यानो कपडा लगाउनुपर्छ । विशेषगरी बिहान र बेलुका बाहिर निस्कँदा यी कपडाको प्रयोग अनिवार्य छ ।

चिकित्सकहरु यो बेलामा भिटामिन सी र जिंकयुक्त फलफूल तथा तरकारीको सेवनले रोग प्रतिरोधात्मक क्षमता बढाउँने बताउँछन्, यसर्थ, प्रशस्त तातो झोल पदार्थ पिउनमा हामीले जोड गर्नुपर्छ । यो बेलामा हामीले पर्याप्त मात्रामामा शारीरिक व्यायाममा आफूलाई अभ्यास गराउँनुपर्छ । नियमित शारीरिक कसरतले शरीरलाई तन्दुरुस्त राख्न मद्दत गर्ने भएकाले यस विषयमा यो याममा हामीले उचित ध्यान दिनुपर्छ । बिहानको समयमा चिसोबाट बच्दै हल्का व्यायाम गर्नुपर्ने यसका जानकारहरु बताउँछन्, सोही अनुसार हामीले आफूलाई अभ्यस्त राख्नुपर्छ ।

चिसो मौसम, जाडोको यो याममा हामीले सरसफाइमा पर्याप्त ध्यान दिनुपर्ने स्वास्थ्यकर्मीहरुको सुझाव छ । नियमित रूपमा साबुनपानीले हात धुने, चिसो पानीभन्दा मनतातो पानीले नुहाउने र सरसफाइमा विशेष ध्यान दिनुपर्छ । यसले संक्रमणको जोखिम कम गर्ने स्वास्थ्यकर्मीहरुको भनाई छ । यसका साथै यो बेलामा हामी तातोका लागि हिटर र आगोको विभिन्न प्रकारले प्रयोग गर्ने गर्छौं ।

यस्तो कार्यमा हामीले विशेष सतकर्ता अपनाउनुपर्ने देखिन्छ । कोठा तताउन हिटर वा आगो बाल्दा राम्रो हावा वारपार हुने व्यवस्था गर्नुपर्छ । यसले कार्बन मोनोअक्साइड जस्ता विषाक्त ग्यासको संकलनबाट जोगाउँछ । हामीले पर्याप्त मात्रामा निद्राका लागि आफूलाई ध्यान दिनुपर्छ । कम्तीमा पनि ६ घण्टा सुत्नुपर्ने यसका जानकारहरु बताउँछन् ।

यो बेलामा बालबालिका र ज्येष्ठ नागरिकमा चिसोबाट विभिन्न प्रकारका समस्या देखिनसक्ने भएकाले विशेष ख्याल गर्नुपर्छ छ । चिसो मौसममा बालबालिका र ज्येष्ठ नागरिकहरू बढी प्रभावित हुन सक्छन् । तसर्थ, उनीहरूको पोषण, न्यानो कपडा र स्वास्थ्य जाँचमा विशेष ध्यान दिनुपर्छ । यी उपायहरू अवलम्बन गर्दा तराईको चिसो मौसममा स्वास्थ्य समस्याबाट जोगिन सकिन्छ । यो जाडो याममा आफ्नो स्वास्थ्यलाई ध्यान दिंदै अर्थात् आफू सुरक्षित रहँदै आफ्ना अरु काममा लाग्नुपर्छ । यो बेलामा सबैले आफ्नो र आफ्नो परिवारको ख्याल राखौँ ।

# म पुँजीवाद, हामी समाजवाद

नेपाली राजनीतिलाई पुँजीवादले ध्वस्त बनाएको ठहर गर्दै उनी लेख्छन्, 'सबै ठाउँमा कर्पोरेट हाउस हाबी छ । जुम्लाको मान्छेले चार माना मास बेच्न कतै जानुपऱ्यो भने उसलाई 'प्यान नम्बर' चाहिने स्थिति बनाउँदै लगिएको छ । यो कसरी 'समाजवादी अर्थव्यवस्था'को अभ्यास हुन सक्छ ?'



विश्वास नेपाली

समाजशास्त्रको विद्यार्थीका नाताले अक्सर समाज विज्ञान, सामाजिक अर्थतन्त्र, राजनीति र जनताको जीविकासँग जोडिएका पुस्तकले ध्यान तान्छन् । गत दशैँ बिदामा राम कार्की 'पार्थ'को पुस्तक 'विकल्प' पढेपछि केही नलेखिरहन सकिएन ।

पार्थको यो पुस्तकले पछिल्लो राजनीतिक व्यवस्था÷अवस्था, दल र तिनका नेतृत्वले जनताप्रति लामो समयदेखि छर्दै आएका भ्रम, दिँदै आएको धोका र बेइमानीको फेहरिस्त प्रस्तुत गरेको छ । समाजवादी राजनीतिक व्यवस्थाको सफलता र असफलताका विश्वका केही उदाहरण पनि पुस्तकभित्र छन् ।

यो पुस्तक एक हिसाबले लेखकको राजनीतिक अभ्यास, भोगाइ र अनुभवको सँगालो हो भन्न मिल्छ । पछिल्लो समय राजनीति बिग्रँदै गएको र राजनीति जनहितमा हुन नसकेको निष्कर्ष निकालेका पार्थले पुस्तकमा भनेका छन्, 'अब समता, समाजवाद र मुक्त दुनियाँका लागि विकल्प खोजौँ ।' उनले विकल्पको नेतृत्व नयाँ पिँढीले लिनुपर्ने, पुरानाबाट सम्भव नभएको ठहर गरेका छन् ।

लेखक अहिले पनि नेपाली राजनीतिको केन्द्रीय पात्रमध्ये एकमा पर्छन् र उनले समसामयिक राजनीतिको निर्मम समीक्षा र तिखो आलोचना गरेका छन् । आफ्नो पार्टीले हिजो हिँडेको बाटो सही थियो, आज बिग्रियो भन्दै नेतृत्वमाथि प्रहार गरेका छन् । भनेका छन्, 'हिजो जनयुद्धताका बोकेको नारा, जनतासँग बाँडिएका आशा सबै सत्ता राजनीतिमा पुगेर गरिएको अभ्यासको तालमेल नमिल्दा भताभुङ्ग भए ।' हिजोको सिंगो माओवादी आज दर्जनौँ टुक्रामा विभाजित हुन पुगेको बारे पनि समीक्षाको पहल गरेका छन् ।

नेपाली राजनीतिक नेतृत्व आफ्नो आलोचना सुन्न नचाहने मात्रै होइन, प्रशंसाको भोका देखिन्छन् । आलोचना गर्नेहरूलाई भित्तामै पुऱ्याइदिन्छन् । यस्तोमा, जनयुद्ध लडेर आएका पार्थले पुस्तकमा आफ्नो पार्टी, पार्टीको गति र सिद्धान्त, नेतृत्व, नेतृत्व–शैली र तिनको आचरणमाथि आलोचना गरेका छन् । भनेका छन्, 'हामी कहाँ जाने भनेर राजनीतिक अभियानमा होमिएका थियौँ र अहिले कहाँ पुग्यौँ ?' यस्तो लाग्छ, यस पुस्तकले उनको पार्टीभित्र भुईंचालो ल्याएको छ र छैन भने ल्याउने छ ।

पार्थले नेपालको समग्र कम्युनिस्ट आन्दोलनको विग्रहबारे मिहिन विश्लेषण गरेका छन् । 'जनमत' धेरै भए पनि प्राप्त जनमतलाई उपलब्धिको रूपमा संस्थागत गर्न नसक्दा 'कम्युनिस्ट पार्टी'सँग मात्र नभई जनता राजनीति, राजनीतिक पार्टी र नेतासँग रुष्ट हुँदै गएको सत्य हो ।

लेखकले समग्र कम्युनिस्ट पार्टीको पछिल्ला अभियान, यसले बिराएको बाटो, जनअपेक्षा र तिनको संसदीय अभ्यासलाई समेत समीक्षा गरेका छन् । र, भनेका छन्, 'जनयुद्ध लडेर नयाँ बाटो हिँड्ने कसम खाएको माओवादीसमेत संसद्वादी राजनीतिमा हराएको छ । हिजो त्यही 'संसदीय' अभ्यासको कटु आलोचना गर्ने माओवादी नेता कार्यकर्ता अहिले बोराका बोरा पैसा खर्चेर संसद् र मन्त्री हुन होडबाजी गर्छन् । पार्टीमा ठेकेदार, दलाल, पुँजीपतिलाई हुल्छन्, हिजो पार्टीका लागि ज्यान दिएका नेता र कार्यकर्ता किनारामा छाडिएका छन् । उनीहरू कतै हराएका छन्, कि त खाडीमा मजदुरी गर्न भासिएका छन् ।'

लेखकले नेकपा एमालेको मार्गदर्शक सिद्धान्त जनताको बहुदलीय जनवाद (जबज) र नेकपा (माओवादी केन्द्र) को २१ औँ शताब्दीको जनवादमाथि पनि तिखो टिप्पणी गरेका छन् । भन्छन्, 'यी सिद्धान्त कि त पुरानो भयो, कि त यसले काम गरेन। जनताको आवश्यकता एकातिर छ, पार्टीको सिद्धान्त अर्कोतिर र अमिल्दो छ । व्यवहारिक अभ्यास पटक्कै मिल्दो छैन। पार्टी र नेताहरू सत्ता र स्वार्थ केन्द्रित भए। संसदीय अभ्यासमा नै रुमल्लिए र भासिँदै गएका छन् । पार्टी र नेतृत्व दलदलमै फसे ।'

लेखकले वर्तमान विश्व कम्युनिस्ट आन्दोलनको केही चर्चा गर्न भ्याएका छन् । उनले विश्व कम्युनिस्ट अभ्यास र समाजवादी देशको अभ्यास जोड्दै नेपालमा पनि समाजवाद सम्भव छ भन्नेबारे प्रस्ट्याउन प्रयास गरेका छन् ।

राजनीतिको अभीष्ट जनतालाई सुख, खुशी दिनु र 'समृद्ध समाज निर्माण' गर्नु हो । तर, नेपालका कम्युनिस्ट बोली एकातिर र व्यवहार अन्ततिर गर्न थालेका छन् । भाषण र सिद्धान्त 'समाजवाद' र व्यवहार र अभ्यास भने 'पुँजीवादी'। यो ढोँगले कहीँ पुगिँदैन, पार्थको बुझाइ त्यही छ ।

लेखक भन्छन्– भोक, अन्याय, भेदभाव, असमानता, हिंसा र अस्थिरता आदिबाट समाजलाई मुक्त गर्न माक्र्सवादभन्दा भरोसायोग्य अर्को वैचारिक अस्त्र अहिलेसम्म 'मानव समाज'लाई प्राप्त छैन । तर, २०६२÷०६३ को जनआन्दोलन पछिको २० वर्षे अवधिमा 'सशस्त्र संघर्ष' गरेर आएको माओवादी आफैँ पटक–पटक सत्ता सञ्चालनको ताला–चाबी प्राप्त गऱ्यो । तर जनताको समस्या भने बिस्र्यो । वास्तवमै भन्ने हो भने नेपाली समाजभित्र अझै पनि भोक, अन्याय, भेदभाव, चरम गरिबी र असमानता छन्। समाजमा हुने र नहुने बीचको गहिरो खाडल छ । हुनेखाने मोटाएका छन् । सत्ता र राजनीतिको वरिपरि डुल्नेहरूले प्रशस्तै फाइदा लुटेका छन् ।

माओवादीले जनयुद्ध शुरू गर्नुपूर्व उठाएका मागहरू क्रमशः हराउँदै गएकोमा लेखक पुस्तकका धेरै खण्डमा चिन्ता प्रकट गर्छन् । समाजवादी बाटोमा जाने भनेर छरिएको भ्रम, पार्टी नेतृत्व र नेपाली कम्युनिस्टको सिद्धान्त अनि अभ्यासको तालमेल नमिल्दो हुँदा जनता दिक्क भएको उनको बुझाइ छ । उनी चे ग्वेभाराको भनाइ सापटी लिँदै पुस्तकमा भन्छन्, 'म पुँजीवाद, हामी समाजवाद । हामी अहिलेको अभ्यास हेरौँ, जताततै नेतादेखि कार्यकर्तासम्म 'म' मात्रै भनिरहेका देख्छौँ, त्यही सुन्छौँ । त्यसो हुँदा हामी पुँजीवादी बाटोमा छौँ कि समाजवादी ?'

नेपाली राजनीतिलाई पुँजीवादले ध्वस्त बनाएको ठहर गर्दै उनी लेख्छन्, 'सबै ठाउँमा कर्पोरेट हाउस हाबी छ । जुम्लाको मान्छेले चार माना मास बेच्न कतै जानुपऱ्यो भने उसलाई 'प्यान नम्बर' चाहिने स्थिति बनाउँदै लगिएको छ । यो कसरी 'समाजवादी अर्थव्यवस्था'को अभ्यास हुन सक्छ ?'

पार्थ लेख्छन्, 'हामी सामन्तवादविरुद्ध बेस्सरी लडेका थियौँ। एकदम कराँतिलो भएर लड्यौँ, तर पुँजीवादसँग लड्ने बेला पुँजीवादले नै हामीलाई प्रदूषित गरिदियो, खाइदियो । अब हामी र काँग्रेस, हामी र राप्रपाबीच नै भिन्नता नभइसकेपछि पुँजीवादविरुद्ध कसरी लड्न सक्छौँ ?' यो प्रश्न जटिल छ । वर्तमान पार्टीहरू न त सिद्धान्तमा हिँडेका छन् न त इमानमा नै, सत्ता राजनीतिको लागि जुनसुकै हरकत गर्न नेताहरू पछि नपर्ने देखिन्छ । यसको स्पष्ट उदाहरण, पछिल्ला समयमा सत्ता अभ्यासका लागि भइरहेका 'दल गठबन्धन' काफी छ ।

पुस्तकमा रहेको यो सन्दर्भले जतिसुकै भूमण्डलीकरण र निर्भरतामा बाँचेको मुलुकले पनि स्वाभिमानको हकमा आदर्श पाठ सिक्न सक्छः

क्युबामा एक पटक चारैतिरबाट नाकाबन्दी भयो । त्यसै बेला रुस ढल्यो । ऊसँग इन्धन र खाने कुरा केही थिएन । उखु र सुर्ती किन्ने कोही छैन । त्यस्तो स्थितिमा फिडेल क्यास्ट्रो आफैँ साइकल लिएर सडकमा अघि बढे । उनले भने, 'सबै जना साइकल चढ' । चीनबाट लाखौँलाख साइकल झिकाइयो । क्यास्ट्रोले नै साइकल चढेपछि मन्त्रीहरूले चढे । जनताले चढे । आज ऊ अमेरिकाको नाकैमुनि समाजवादको झन्डा फहराउँदै बाँचिरहेको छ । किन? ऊसँग स्वतन्त्र सोच छ, स्वास्थ्य र शिक्षा छ । तर, हाम्रो शिक्षा नै गलत छ । हामीसँग आफ्नो उत्पादन केही छैन, तर नेतालाई महँगा गाडी चाहिएको छ । आलिसान महलहरू चाहिएको छ । दर्जनौँ सुसारे र सहयोगी चाहिएको छ । लाखौँ तलब भत्ता चाहिएको छ । त्यतिले नपुगेर भ्रष्टाचार पनि लिप्त छन् । तर, जनताको जीवनले परिवर्तनको अनुभूति गर्न पाएको छैन । यस्तो गलत अभ्यासमा लिप्त नेतृत्वको कारण देश उँभो लाग्न नसकेको तितो यथार्थ हो ।

पार्थ पुस्तकमा लेख्छन्, 'कम्युनिस्टले अरूभन्दा अलग के गर्छ ? पुँजीवादले म भन्छ, कम्युनिस्टले हामी भन्छ । पुँजीवादले होडमा र कम्युनिस्टले सहकार्यमा जोड दिन्छ । पुँजीवादी उछिन्ने कुरा गर्छ, माक्र्सवादी सँगै पुगौँ भन्छ । सडकमा समाजवादको नारा लगाएर सत्तामा पुँजीपतिको पूजा गर्ने नेतृत्वको कारण आज देशमा युवालाई रोक्न सक्ने अवस्था छैन । दिनदिनै युवा अमिलो मन लिएर देश छाड्नुपर्ने बाध्यता हामी टुलुटुलु हेर्न बाध्य छौँ । यसरी देश छाड्नेमा सर्वसाधारण मात्र छैनन्, दलका नेता कार्यकर्ताको पनि लर्को छ ।'

उनी भन्छन्,'हिजो युद्धकालमा प्रचण्डले सिलाबरको थालमा भात खाँदा जनता खुशी हुन्थे । नेता र हामी एउटै हौँ ठान्थे । तर, अहिले नेतृत्वको भड्किलो दैनिकी देखेपछि जनता वाक्क दिक्क हुनु अनौठो कुरा होइन । नेताको नैतिक आचरण मुख्य कुरा हो । हाम्रा नेता चाहे कम्युनिस्ट हुन् या अरू कुनै सबैले नैतिकतालाई लत्याएका छन् ।'

'हाम्रो सारा जीवन, जवानी देशको राजनीतिक रूपान्तरणमा खर्च गरियो । राजतन्त्रलाई त हटायौँ तर पुँजीवाद हटाउन सकेनौँ । तिमीहरू सक्छौँ गर, हामी त पुराना भइसक्यौँ, हाम्रो अनुभवलाई अव तिमीहरूको तागतसँग संयोजित गर' भन्नुपर्ने पार्थको मत छ । तर पार्थका अनुसार अहिलेको नेतृत्व त्यसो भन्न सकिरहेका छैनन् । उनी लेख्छन्, 'यो चुनौती स्वीकार गरेर नयाँ पिँढी मैदानमा नआएसम्म पुँजीवाद जब्बर बनिरहने र माओवादी पार्टी नै 'क्रोनी क्यापिटालिज्म'को साधनमा फेरिन सक्ने खतरा पनि छ ।'

पार्थका अनुसार 'जो जिता वही सिकन्दर' भन्ने चेतनाले समाज फेरिँदैन । नेपाली कम्युनिस्ट आन्दोलनमा अब नयाँ राजनीतिक कार्यदिशा छैन । अहिलेको राजनीति यथास्थितिवादी र 'चुनावदेखि चुनाव'सम्म मात्रै केन्द्रित र लक्षित देखिन्छ । यो प्रश्न पछिल्लो राजनीतिमा पेचिलो बन्दै गइरहेको छ । हरेक राजनीतिक दल ठेकेदार र पुँजीपतिकै कब्जामा रहेको र सांसददेखि मन्त्री हुन् अथवा राज्यको विभिन्न पदहरू लिनको लागि अर्बौं खर्च गरेर पार्टी नै कब्जा गरिने पार्थ मत छ । यसले नेपाली राजनीति धुमिल त भएको छ नै, समाज विकासमा राजनीतिले जुन रफ्तारको गति लिनुपर्ने थियो, त्यो हुन सकेको छैन । राजनीति 'मूलबाटो' बिराउँदै अन्यत्रै लाग्दै छ ।

पार्थका अनुसार समाजवाद लोकतन्त्रको पनि उच्चतम विन्दु हो । रोजा लक्जेम्बर्ग भन्ने गर्थिन्, 'राजनीतिक स्वतन्त्रताविना समाजवाद निसास्सिएर मऱ्यो ।' अहिले हामीकहाँ भिजनरी नेतृत्वविना राजनीति मर्दै गएको पार्थको ठहर छ । जनताका सपना धूलिसात् हुँदै जाँदा देशलाई निकास दिने गरी नेतृत्व लिने नेतृत्वको पनि लगभग खडेरी नै लागेको छ । यस्ता धेरै विषय पुस्तकका समेटिएका छन् । पुस्तकले नेपाली राजनीति, यसका नेतृत्वलाई प्रहार गर्नुको साथसाथै गहिरो चिरफार गरेको छ ।

लेखक पार्थ आफैँ लामो समय राजनीतिमा बिताए । संसद् र मन्त्री भए । पार्टीको महत्वपूर्ण जिम्मेवारीमा रहेर काम गरे । राजनीतिमा रहेर आफूले चाहिँ के गरे ? गाउँ गाउँका जनतालाई पक्कै क्रान्तिपछि यसो हुनेछ भनेर उनले पनि आश्वासन बाँडेका थिए ! त्यसमा उनी आफैँले कति पहल र प्रगति गर्न सके या सकेनन् ? केही उपलब्धि भयो वा भएन ? पुस्तकमै उनले आत्मसमीक्षा गर्नुपर्ने थियो, जुन गरेका छैनन् । पुस्तक धेरै अर्थमा खँदिलो भए पनि यो प्रश्न भने बाँकी नै रहन्छ–जबसम्म नेताले स्वच्छ मनले आत्मसमीक्षा गर्दैनन्, पछिल्लो पुस्ताले के सिक्ने ? के अनुसरण गर्ने ? उकालो

# पार्टी प्रवेश र शक्ति प्रर्दशन केवल बहाना



मनोज पटेल

नेपाली राजनितिक घटनाक्रमले देशका दुई ठूला दल, नेपाली कांग्रेस र नेकपा एमालेलाई एकै ठाउँमा उभ्याएको छ । नेपालको राजनैतिक इतिहासलाई नजिकबाट नियाल्ने हो भने यी दुई पार्टी मात्र फरक ध्रुव होइनन्, एक अर्काका कट्टर प्रतिद्वन्द्वी पनि हुन् । तर, परिस्थितिले विशेष गरी सरकारको नेतृत्व गर्ने लालसाले, दुवैलाई एकै ठाउँमा उभिन बाध्य पारेको छ ।

वैचारिक दृष्टिले नेपाली कांग्रेस लोकतान्त्रिक विचारधाराको पक्षधर छ भने नेकपा एमाले एक कम्युनिस्ट पार्टी हो, जसको विधानले माक्सवाद–लेनिनवाद र जनताको बहुदलीय जनवादलाई मार्गनिर्देशक सिद्धान्तका रूपमा अवलम्बन गरेको छ ।

नेपाली भूराजनितिक परिप्रेक्ष्यमा यी दुई पार्टीले एकअर्काका विरुद्ध संघर्ष गर्दै तथा सहकार्य गर्दै लामो समयसम्म नेपाली राजनीतिका केन्द्रविन्दुमा रहे। २००७ सालको आन्दोलनदेखि २०६२÷६३ को जनआन्दोलनसम्म यी दुवै पार्टी राज्यसत्तालाई परिवर्तन गर्न अन्य दलहरूसँग मिलेर सक्रिय थिए । नेपालको १०४ वर्ष लामो राणा शासन र २३७ वर्षको शाहवंशीय सत्ता हटाउन यी दुवै पार्टीले महत्वपूर्ण भूमिका खेलेका छन् ।

मधेशले हरेक राजनीतिक आन्दोलनमा अग्रणी भूमिका निर्वाह गरेको छ । ०४७ सालको संविधानको आलोचना गर्दै २०५२ सालपछि सुरु भएको गृहयुद्धका क्रममा पनि मधेशले ठूलै मूल्य चुकाएको छ । तर मधेशलाई काठमाडौंकेन्द्रित राजनीतिक मानसिकता र भेदभावपूर्ण दृष्टिकोणले सधैं उपयोग गर्ने थलो मात्र बनाएको देखिन्छ ।

मधेशी समुदायले संविधान सभाको निर्वाचन र २०७२ सालमा जारी संविधानमार्फत थोरै अधिकार पाए पनि, मनोवृत्तिमा अझै पनि रंगभेद र विभेद कायमै रहेको विभिन्न घटनाहरूले पुष्टि गर्छन् । एनपिएलको क्रिकेट म्याचका क्रममा देखिएको परिदृश्य यसको उदाहरण हो ।

कृषि उत्पादन, आर्थिक गतिविधिमा मात्र नभई राजनीतिक सुझबुझमा पनि अग्रमोर्चामा रहेको मधेशलाई लामो समयसम्म राज्यका स्रोत–साधन र शिक्षा–दीक्षाबाट बञ्चित गरियो। फलस्वरूप मधेश गरीबी, अशिक्षा, र रोगको चपेटामा परेको छ । समृद्ध इतिहास बोकेको मधेशलाई केन्द्रीय राजनीतिबाट टाढा राख्ने षड्यन्त्र अहिले पनि भइरहेको देखिन्छ ।

नेकपा एमालेका अध्यक्ष तथा प्रधानमन्त्री केपी शर्मा ओलीले मधेशमा पार्टी प्रवेश कार्यक्रम र शक्ति प्रदर्शनमार्फत मधेशको ध्यान तान्न खोजेका छन् । मधेशलाई रिझाउने काम मात्र होइन,उनले विगतमा भएका त्रुटिहरू सच्याउने प्रयास गरेका छन् । हाल मधेश प्रदेशसभामा सबैभन्दा ठूलो दल नेकपा एमाले रहेको छ, जसले ओलीको रणनीतिक प्रयासलाई झल्काउँछ ।

तर यो केवल एमालेको कुरा होइन । नेपाली कांग्रेस र नेकपा माओवादी केन्द्र पनि मधेशसँग प्रेम र ब्रेकअपको चक्रमा छन् । धार्मिक, सांस्कृतिक, र आर्थिक रूपमा महत्त्वपूर्ण मधेशसँग कुनै पनि पार्टी टाढा रहन चाहँदैन । मधेश कांग्रेस आन्दोलन, कम्युनिस्ट आन्दोलन, मधेश आन्दोलन र माओवादी जनआन्दोलनको उर्वरभूमि रहँदै आएको छ । तर मधेश अझै पनि पीडामा छ, मुक्तिको खोजीमा छ, र विकासको प्रतीक्षामा छ ।

पछिल्लो क्रम हेर्ने हो भन्ने नेताहरुले भनी रहेको मिसन ०८४ अभियानले पनि मधेशलाई केन्द्रबिन्दुमा राखेको छ । मधेशमा साना–साना दलहरूको संख्याले राष्ट्रिय ठूला पार्टीहरूलाई त्रसित बनाएको छ । साना दललाई राष्ट्रिय दल बन्नबाट रोक्न थ्रेसहोल्ड बढाउने योजनामा ठूला पार्टीहरू जुटेका छन्, जसले मधेशवादी र पहिचानवादी आन्दोलनलाई चुनौती दिन सक्छ ।

संविधानले सबै प्रकारका विभेदलाई अस्वीकार गरे पनि कानुनी कार्यान्वयनको कमजोरीले मधेश अझै पनि अधिकार प्राप्तिका लागि संघर्षरत छ । यसैले मधेशवादी र पहिचानवादी आन्दोलनलाई अझ सशक्त बनाउन जरुरी छ ।

नेपालको समृद्धि सबै जाति, धर्म, र क्षेत्रको सहकार्यमा निर्भर छ । मधेश होस् वा पहाड, सबै ठाउँमा राजनीतिक दलहरूले सकारात्मक दृष्टिकोणका साथ काम गर्नुपर्छ । मधेशले शिक्षा, स्वास्थ्य, रोजगारी, सिंचाइ, औद्योगिक विकास, र कृषि क्रान्ति माग गरेको छ । यी माग पूरा गर्न तयार पार्टीलाई समर्थन गर्नु उचित देखिन्छ ।

तर मुखमा राम र बगलीमा छुरा भन्ने भनाइलाई मधेशले कहिल्यै भुल्न हुँदैन । मधेशसँग अंकमाल गर्न आउने र अमृत भनेर विष खुवाउनेहरूप्रति सदैव सतर्क रहनुपर्छ । किनभने यदि फेरि पनि पुरानै परिदृश्य दोहोऱ्याउन खोजियो भने मधेशका लागि पुनः धोका हुन सक्छ । देशमा राष्ट्रियता र देशप्रतिको माया सबैमा हुनु आवश्यक छ । तर, कथित राष्ट्रियताको मुद्दा उठाएर जनतालाई भ्रमित गर्ने नेता तथा शक्तिहरूको नेपालमा कमी छैन । त्यसैले माया जालमा फसाएर शक्ति आर्जन गर्ने र जनतालाई गुमराह बनाउने बहुरूपीया र धमिराहरूबाट सुरक्षित रहन जरुरी छ । जसको लागि मधेशको साथ, सहयोग तथा समर्थन खोज्ने जोकोहीलाई मधेशको गौरवपूर्ण इतिहास र वीरगाथा सुनाउनुपर्छ । मधेशको माग र मुद्दा बुझाउनुपर्छ ।

# माओवादीप्रति जनताको भरोसा छः अध्यक्ष दाहाल



**झापा ।**
नेकपा (माओवादी केन्द्र) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले माओवादी केन्द्रप्रति जनताको भरोसा बढ्दै गएको बताएका छन् ।
झापाको गौरीगञ्जमा माओवादी केन्द्रले 'तमु ल्होसार'को अवसरमा आयोजना गरेको शुभकामना आदानप्रदान तथा पार्टीको दोस्रो गाउँ सम्मेलनको उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष दाहालले देश निर्माण गर्न नेपाली जनताले फेरि पनि माओवादी केन्द्रलाई साथ दिने विश्वास व्यक्त गरे ।
तीनै तहको उपनिर्वाचनबाट सत्तारुढ दलको गठबन्धनलाई हराउँदै धेरै स्थानमा माओवादी केन्द्रले जितेर जनताको साथ प्राप्त गर्न सफल भएको उनले उल्लेख गरे ।
पार्टीमा नवप्रवेशीलाई स्वागत गर्दै अध्यक्ष दाहालले माओवादी केन्द्रमा काम गर्न आउने नेपाली जनताको उत्साहपूर्ण साथ र सहयोग प्राप्त हुँदै आएको दाबी गरे । देशमा प्राप्त भएका राजनीतिकलगायतका सबै उपलब्धि आफ्नो पार्टीकै नेतृत्वदायी भूमिकाबाट सम्भव भएको तथा यसको रक्षा र समृद्धितर्फ लैजान पनि माओवादी केन्द्रले नै फेरि पनि अगुवाइ गर्ने उनको भनाइ थियो ।
नेपालको राजनीतिक इतिहासमा झापाले अगुवाइ गरिआएको चर्चा गर्दै उनले भने,'संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न तथा देशमा विकास र समृद्धि ल्याउन फेरि आन्दोलन गर्नुपर्ने खाँचो देखिँदै गएकाले यसमा नेपाली जनताको साथ र सहयोग प्राप्त हुनेमा विश्वस्त छौँ ।'
राजनीतिक परिवर्तनले मात्र देश बलियो नहुने भएकाले अब आर्थिक, सामाजिक, सांस्कृतिक अधिकार प्राप्त गर्न एकपटक आन्दोलन जरुरी भएको अध्यक्ष दाहालले बताए । पार्टीका जिल्ला अध्यक्ष राजु आचार्यका अनुसार अध्यक्ष दाहालले निर्माणाधीन कनकाई पुल, कमलको आदिवासी रंगशालालगायतको स्थलगत अनुगमन गर्नुहुने कार्यक्रम छ ।रासस

# सबैलाई आफ्नो संस्कृतिको उपभोग गर्ने अवसर छःसिंह



**काठमाडौँ ।**
उपप्रधानमन्त्री तथा सहरी विकासमन्त्री प्रकाशमान सिंहले मुलुकमा लोकतन्त्र प्राप्तिपछि विभिन्न जातजाति र समुदायले आआफ्ना संस्कार र संस्कृतिको स्वतन्त्रतापूर्वक उपभोग गर्ने अवसर प्राप्त भएको बताएका छन् ।
तमु ल्होसार मुल आयोजक समितिद्वारा सोमबार टुँडिखेलमा आयोजित तमु ल्होसार महोत्वसको उद्धाटन गर्दै उनले बहुजाति र बहुभाषी नेपाली समाजमा प्रजातान्त्रिक व्यवस्था प्राप्तिसँगै स्वतन्त्रतापूर्वक आफ्नो पहिचानलाई सुरक्षित र समृद्ध तुल्याउने मौका मिलेको
बताए ।
उपप्रधानमन्त्री सिंहले भने,'नेपालको पहिचान र अमूल्य निधिका रूपमा रहेको विभिन्न जातजातीका भाषा, वेशभूषा, रितिरिवाज, रहनसहन तथा संस्कार र संस्कृतिलाई वर्तमानमा सक्रियताका साथ जोगाउने र भविष्यका सन्ततीलाई हस्तान्तण गर्न आवश्यक छ ।'
ठूलो त्याग र बलिदानबाट प्राप्त अधिकारलाई सुरक्षित र सम्वद्र्धन गर्न समाजका सबै पक्षले अरूलाई अप्ठ्यारो नपर्ने ढङ्गबाट जिम्मेवारीपूर्वक काम गर्नुपर्ने आवश्यकता औँल्याउँदै उनले महोत्सवले तमू समुदायको कला, संस्कृति, पहिचान कायम राख्न अत्यन्तै जागरूक हुनुहुन्छ भन्ने स्पष्ट पारेको धारणा ।रासस

# 'भविष्य खोज्न अर्काको देशमा जाने सोच त्याग्नुपर्छ'



**तनहुँ ।**
गण्डकी प्रदेशका आर्थिक मामिलामन्त्री डा टकराज गुरुङले भविष्य खोज्न अर्काको देशमा जाने सोच त्याग्नुपर्ने बताएका छन् ।
तमु ल्होसारका अवसरमा तमु ह्युल छोंज धि गुरुङ राष्ट्रिय परिषद् तनहुँले सोमबार दमौलीमा आयोजना गरेको कार्यक्रममा मन्त्री गुरुङले नेपालमै बसेर भविष्य खोज्न र नेपालको प्रगतिमा सहभागी हुन आह्वान गरे ।
नेपालमा केही हुँदैन भन्ने भाष्य चिरेर अगाडि बढ्नुपर्ने अहिलेको आवश्यकता रहेको बताउँदै मन्त्री गुरुङले भविष्य बनाउन विदेश जानुपर्छ भन्ने सोच त्याग्न आग्रह गरे । उनले भने,'भविष्य बनाउनका लागि विदेश नै जानुपर्छ भन्ने मानसिकता गहिरो रुपमा बसिसकेको छ । त्यस्ता मानसिकता त्यागेर नेपालमै केही गर्न सकिन्छ भन्ने सोच राख्नुपर्छ ।'
सक्षम र दक्ष जनशक्ति उत्पादनमा राज्यले ठूलो लगानी गरेकाले त्यस्ता नागरिक स्वदेशमै बसेर केही गर्नुपर्नेमा उनको जोड थियो । संविधानले जनजातिलाई अधिकार दिएकाले जनजातिका छोराछोरी उच्च तहमा पुग्न सकेको मन्त्री गुरुङले बताए ।
मन्त्री गुरुङले शास्त्र र परम्परा हराए भाषा हराउने र भाषा हराए जात नै लोप हुने भएकाले भाषा र संस्कृतिको संरक्षणमा अग्रसर हुनुपर्ने बताए । भाषा, संस्कृति, परम्परा संरक्षण गर्ने कार्यमा हरेक जातजाति आफैँ अग्रसर हुनुपर्ने उनको भनाइ थियो ।
गण्डकी प्रदेशसभा सदस्य अशोककुमार श्रेष्ठले प्रदेश सरकार सबै जातजातिको संरक्षणका लागि क्रियाशील रहने बताए । व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपानेले चाडपर्वले जातीय सद्भाव कायम राख्न सहयोग पुग्ने उल्लेख गरे ।रासस

# 'सुदूरपश्चिमको विकासका लागि साझा संकल्प र प्रयास आवश्यक'




**डडेल्धुरा ।**
सुदूरपश्चिम प्रदेशको बृहत्तर विकासका लागि चुनौतीको सामना र अवसरको सदुपयोग गर्न साझा सङ्कल्प आवश्यक रहेकामा वक्ताहरूले जोड दिएका छन् ।
परशुराम नगरपालिकाको आयोजनामा सोमबारदेखि शुरू भएको दुईदिने 'पहिलो सुदूरपश्चिम मेयर सम्मेलन' उद्घाटनसत्रका वक्ताहरूले सङ्घीयताको मर्मअनुसार बढीभन्दा बढी लाभ लिनेगरी सबै एकताबद्ध भएर अगाडि बढ्नुपर्नेमा जोड दिए ।
सुदूरपश्चिम प्रदेशका आर्थिक मामिलामन्त्री बहादुरसिंह थापाले आवश्यकता धेरै तर स्रोत थोरै भएकाले सुदूरपश्चिम विकासमा समस्या रहेको बताए ।
यसैकारण
आवश्यकताअनुसार योजना प्राथमिकीकरण गरी लगानी गर्न सबै पालिका प्रमुखहरूलाई उनले आग्रह गरे । मन्त्री थापाले आगामी दिनमा प्रदेश सरकारले पनि प्राथमिकतामा आधारित योजनामा मात्रै लगानी गर्ने प्रतिबद्धता व्यक्त गरे ।
नेपाली कांग्रेसका नेता डा. रणबहादुर रावलले कुल राजस्वमा सुदूरपश्चिमको योगदान दुई प्रतिशतभन्दा कम रहेकाले निश्चित अवधिसम्म यस क्षेत्रलाई सहुलियत दिनुपर्नेमा जोड दिए । उनले राज्यले दिएको स्रोत स्थानीय तहले पनि सही ठाउँमा र सही ढङ्गले प्रयोग गर्न आग्रह गरे ।
सुदूरपश्चिम नगरपालिका सङ्घका प्रदेश अध्यक्ष वीरेन्द्र भट्टले जनताको आशा स्थानीय तहसँग रहे पनि स्रोतसाधनको अभावमा त्यसलाई सम्बोधन गर्न समस्या रहेको बताए । उनले कम आम्दानी र भौगोलिक रूपमा चुनौतीपूर्ण अवस्थामा रहेका तहलाई राज्यले विशेष सहयोग गरेर समानुपातिक विकासमा जोड दिन आग्रह गरे ।
कार्यक्रममा ग्रामीण महिला तथा विकास केन्द्र (रूडुक) का कार्यकारी निर्देशक डा केके श्रेष्ठ, नेपाल एसोसिएसन अफ ¥याफ्टिङ एजेन्सिज (नारा)को अध्यक्षमा शिव अधिकारी, परशुरामका प्रमुख प्रशासकीय अधिकृत कल्पना भट्टलगायतले विकासका लागि कुनै एक पक्षको पहलले मात्रै नहुने भन्दै सबैको सामूहिक प्रयासबाट अगाडि बढ्नुपर्ने बताए । उनीहरूले पर्यटन (जलपर्यटनसहित), कृषि, औद्योगिक पूर्वाधार, दिगो विकासलाई दृष्टिगत गरी तीनै तहका सरकार र निजी क्षेत्रले योजनाबद्ध विकासका लागि सहकार्य जरूरी रहेको धारणा राखे ।
आयोजक नगरपालिकाका प्रमुख भरत बचायर जोशीले सुदूरपश्चिमका स्थानीय तहबीच समन्वय र सहकार्यमार्फत यहाँको समग्र विकासका लागि सङ्गठित आवाज आवश्यक रहेको बताए । 'पहिलो सुदूरपश्चिम नगरपालिका मेयर फोरम–२०८१ यस क्षेत्रका प्रमुख सरोकारवाला, स्थानीय सरकारका नेतृत्वकर्ता, विज्ञहरू, प्रादेशिक र क्षेत्रीय सरकारी निकायहरूका प्रमुख तथा प्रतिनिधिलाई एकै ठाउँमा ल्याउने लक्ष्यका साथ आयोजना हुँदैछ', नगरप्रमुख जोशीको भनाइ छ, 'यस फोरमले सुदूरपश्चिम क्षेत्रको बृहत् विकासका लागि सहयोग बढाउन विचार आदानप्रदान र दिगो रणनीति निर्माणका लागि मञ्च प्रदान गर्नेछ । सुदूरपश्चिमको भविष्यका लागि स्थानीय तहहरू मिलेर काम गर्ने र योजना बनाउने यसको मुख्य लक्ष्य हो । यसबाट सोही अनुसार निचोड आउनेछ भन्ने विश्वास छ ।' सम्मेलन मंगलबारसम्म सञ्चालन हुनेछ ।रासस

# विकास र समृद्धिका पक्षमा वर्तमान सरकारः महासचिव पोखरेल

काठमाडौँ ।
नेपाल कम्युनिष्ट पार्टी (एमाले)का महासचिव शङ्कर पोखरेलले राजनीतिक स्थिरतासहित देश विकासका पक्षमा एमाले र नेपाली कांग्रेस जस्ता दुई ठूला राजनीतिक दल मिलेर सरकार गठन भएको बताएका छन् ।
एमाले दाङको प्रचार तथा प्रकाशन विभागले नेपाल पत्रकार महासङ्घका नवनिर्वाचित पदाधिकारी, केन्द्रीय पार्षद्, प्रदेश पार्षद् तथा सदस्यहरूको सम्मानमा सोमबार दाङको घोराहीमा आयोजना गरको कार्यक्रममा महासचिव पोखरेलले मुलुकमा राजनीतिक स्थिरता, अर्थतन्त्र सुधार र सुशासनका पक्षमा काम गरिरहेको सरकारलाई साथ दिन सबैसँग अनुरोध गरे ।
देशमा अराजकता र बेथिति चाहनेहरूबाट सरकारको भविष्यका बारेमा अनावश्यक टीकाटिप्पणी हुनुलाई बेमौसमी बाजाको सङ्ज्ञा दिँदै उनले सरकारको विरोध गर्नुको सट्टा रचनात्मक सहयोग गरी देश र जनताको पक्षमा उभिन सम्बद्ध पक्षको ध्यानाकर्षण गरे । उनले भने,'राजनीतिक अस्थिरताका कारण मुलुकको विकास निर्माण तथा आर्थिक पक्ष प्रभावित भएको छ, यस अवस्थामा अपेक्षा गरिएअनुसारको परिणाम आउन केही समय लाग्छ, यो सरकार बनेपछि अहिले विकास निर्माणले लय लिन थालेको छ,धैर्य गरौँ, अर्थतन्त्रमा सुधार सहित विकास–निर्माणले गति लिनेछ ।'
बैङ्कको ब्याजदर घटे पनि आर्थिक तरलता बढेको तथा लगानी गर्न व्यावसायी उत्साहित नभएको प्रसङ्ग उल्लेख गर्दै महासचिव पोखरेलले भने,'ढुक्कसँग लगानी गर्नुहोस्, व्यवसायी तथा उद्यमीको पक्षमा सहयोग गर्न एमाले र कांग्रेस मिलेर बनेको यो सरकार तयार छ ।'
उनले भने, 'देश विकास र सुशासनका लागि अब कुन–कुन विषयमा कानुन बनाउनुपर्ने हो त्यसको पहिचान गरी प्राथमिकताका साथ कानुन बनाइने छ । शासकीय सुधारका पक्षमा छ सदस्यीय कमिटीले काम गरिरहेको छ । आवश्यक संयन्त्रको व्यवस्थासहित ऐन, कानून निर्माण गरी आर्थिक अपचलन तथा भ्रष्टाचार अन्त्य र सुशासनका पक्षमा काम गरिरहेको सरकारलाई सहयोग गर्ने दायित्व हामी सबैको हो ।' फरक प्रसङ्गमा पत्रकार महासङ्घको नयाँ नेतृत्वलाई शुभकामना दिँदै महासचिव पोखरेलले वर्तमान सरकारको भावना र 'स्प्रिट' लाई बुझेर सहयोग र सहकार्य गर्न पत्रकारजगत्को ध्यानाकर्षण गरे । सो अवसरमा नेपाल पत्रकार महासङ्घ दाङ शाखा अध्यक्ष सन्तोष सुवेदी, प्रकाशन विभाग प्रमुख सङ्गीता बस्याल, प्रेस चौतारी दाङका अध्यक्ष प्रमेबहादुर राम्जालगायत वक्ताले मुलुकको समसामयिक राजनीतिक गतिविधि र पत्रकार हकहितका विषयमा चर्चा गरे ।रासस

# प्रधानमन्त्री ओलीद्वारा पूर्वराष्ट्रपति कार्टरको निधनप्रति दुःख व्यक्त

**काठमाडौँ ।**
प्रधानमन्त्री केपी शर्मा ओलीले संयुक्त राज्य अमेरिकाका पूर्वराष्ट्रपति जिम्मी कार्टरको निधनप्रति दुःख व्यक्त गरेका छन् । नोबेल पुरस्कारबाट विभूषित कार्टरको निधनप्रति प्रधानमन्त्री ओलीले सोमबार सामाजिक सञ्जालमार्फत दुःख व्यक्त गरका हुन् ।
प्रधानमन्त्रीले कार्टरले परोपकार, मानव अधिकार र शान्तिका क्षेत्रमा पु¥याएको योगदानको स्मरण गरेका छन्। साथै, प्रधानमन्त्री ओलीले कार्टरका परिवार र अमेरिकी नागरिकप्रति समवेदना समेत प्रकट गरेका छन् ।
अमेरिकाका ३९ औँ राष्ट्रपति कार्टरको एक सय वर्षको उमेरमा आइतबार जर्जियाको सानो शहर प्लेन्समा रहेको आफ्नै घरमा निधन भएको हो । उनकी श्रीमती रोजालिनको सन् २०२३ नोभेम्बरमा ९६ वर्षको उमेरमा निधन भएको थियो ।
आफ्नो ८० को दशकमा कूटनीतिक मिसनहरू सञ्चालन गरेका कार्टरले ९० को दशकमा गरिबहरूका लागि घरहरू निर्माण गरेका थिए। पूर्वराष्ट्रपति कार्टरले नेपालमा पहिलो पटक भएको संविधानसभा निर्वाचनको पर्यवेक्षणका लागि नेपाल भ्रमण गरेका थिए ।रासस

# बागमती प्रदेशसभामा दुई विधेयक दर्ताको तयारी

**मकवानपुर ।**
बागमती प्रदेश सभामामा दुई वटा विधेयक दर्ता गर्ने तयारी छ ।
मुख्यमन्त्री तथा मन्त्रीपरिषद् बैठकले प्रदेश औद्योगिक व्यवसाय ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयक र प्रादेशिक व्यापार तथा व्यवसायसम्बन्धी ऐन, २०७६ संशोधन गर्न बनेको विधेयक प्रदेश सभामा दर्ता गर्न स्वीकृति प्रदान गर्ने निर्णय गरेको छ । अझै पनि बागमती प्रदेशसभाको बैठक अनिश्चित छ । सरकारले पर्याप्त विजनेस सदनलाई दिन नसक्दा प्रदेशसभाको हिउँदे अधिवेशन अनिश्चित बनेको हो । यस अधिवेशनलाई कानुन निर्माण गर्ने अधिवेशनको रुपमा चित्रण गर्ने गरिए पनि प्रदेशमा आवश्यक कानुन निर्माणमा ढिलाइ हुँदा असोज १६ गतेबाट स्थगित भएको प्रदेशसभा बैठक अब कहिले बस्ने भनेर टुंगो लाग्न नसकेको हो ।

# फाल्गुनन्द गोल्डकपको उपाधि चर्च ब्वाइजलाई

**पाँचथर ।**
पाँचथरको फिदिममा आयोजित ११ औँ फाल्गुनन्द गोल्डकप फुटबल प्रतियोगिताको उपाधि चर्च ब्वाइज युनाइटेड क्लब काठमाडौंले जितेको छ ।
पाँचथरको फिदिमस्थित फिदिम माध्यमिक विद्यालयको खेलमैदानमा आज सम्पन्न फाइनल खेलमा मछिन्द्र फुटबल क्लबलाई टाइब्रेकरमा ५–४ गोलअन्तरले पराजित गर्दै चर्च ब्वाइज युनाइटेडले उपाधि उचालेको हो । निर्धारित खेल २–२ गोलको बराबरीमा सकिएपछि खेलको निर्णय टाइब्रेकरबाट लिइएको थियो । टाइब्रेकरमा चर्च ब्वाइजका लागि एकराज बुढाथोकी, रोहन कार्की, विदेशी खेलाडी अबयोमी ओलुवासेन, छिरिङ लामा र सुजन डंगोलले गोल गरे ।
मछिन्द्रका लागि देवेन्द्र तामाङ, सनिश श्रेष्ठ, सौरभ सुब्बा र समिराज थोकरले गोल गरे पनि दयानन्द इलाङबाङको प्रहार चर्च ब्वाइजका गोलकिपर कृशल मोक्तानले रोकेका थिए । कृशलको त्यही बचाउ चर्च ब्वाइजलाई उपाधि दिलाउन पर्याप्त बन्यो ।
खेलको ४५ औँ मिनेटमा मछिन्द्रका बिजु भुजेलले गोल गर्दै आफ्नो टिमलाई अग्रता दिलाए ।७८औँ मिनेटमा छिरिङ लामाले गोल गर्दै चर्च ब्वाइजलाई बराबरीमा ल्याए। खेलको ८८औँ मिनेटमा सनिश श्रेष्ठले गोल गर्दै मछिन्द्रलाई अग्रता दिलाए । तर अतिरिक्त पाँच मिनेटको समयमा चर्च ब्वाइजका लागि समिर तामाङले गोल गर्दै खेललाई बराबरी गरे । दुई मिनेट आफ्नो अग्रता जोगाउन नसक्दा मछिन्द्र उपविजेतामै सीमित बन्यो ।
उपाधिसँगै चर्च ब्वाइजले १० लाख पाँच सय ५५ रुपैयाँ पुरस्कार, ट्रफी, मेडल र प्रमाणपत्र तथा उपविजेता मछिन्द्रले पाँच लाख पाँच सय ५५ रुपैयाँ पुरस्कार प्राप्त गरेको छ ।रासस

# गैँडाकोट हाफ म्याराथनको उपाधि आर्मीका धावकलाई



**नवलपरासी ।**
नवलपरासी (बर्दघाट–सुस्तापूर्व)को गैँडाकोटमा सञ्चालन भएको 'गैँडाकोट हाफ म्याराथन–२०२४' को उपाधि आर्मीका धावकले जितेका छन् ।
सोमबार भएको प्रतियोगितामा निर्धारित २१ किलोमिटर दूरी एक घण्टा १६ मिनेट आठ सेकेन्डमा पूरा गर्दै त्रिभुवन आर्मी क्लबका धावक मुकेशबहादुर पाल प्रथम भएका हुन् ।
प्रथम भएका पालले नगर एक लाख रुपैयाँ पुरस्कार प्राप्त गरेका छन् । त्यस्तै, प्रतियोगितामा सशस्त्र प्रहरी बलका धावक गोपीचन्द्र पार्की दोस्रो भएका छन् । पार्कीले निर्धारित दूरी एक घण्टा १७ मिनेट ४३ सेकेन्डमा पूरा गर्दै ५० हजार रुपैयाँ पुरस्कार प्राप्त गरेका छन् ।
प्रतियोगितामा त्रिभुवन आर्मीकै धावक नरेन्द्र सिंह रावत तेस्रो भएका छन् । रावतले एक घण्टा १८ मिनेट ५१ सेकेन्डमा दूरी पार गर्दै २५ हजार रुपैयाँ पुरस्कार प्राप्त गर्न सफल भएका हुन् ।
प्रतियोगितामा एक घण्टा २१ मिनेट ५५ सेकेन्डमा दूरी पार गर्दै त्रिभुवन आर्मीका सञ्जय श्रेष्ठ, एक घण्टा २२ मिनेट १७ सेकेन्डमा दूरी पूरा गर्दै आर्मीकै रामजी बस्नेत, एक घण्टा २८ मिनेट १० सेकेन्डमा दूरी पूरा गर्दै स्याङ्जाका धनु मानन्धर, एक घण्टा ३४ मिनेट ४६ सेकेन्डमा दूरी पूरा गर्दै काठमाडौँका मिङ्मार सिंह तामा र एक घण्टा ३५ मिनेट ४९ सेकेन्डमा दूरी पूरा गर्दै सशस्त्र प्रहरी बलका खेमबहादुर शाहीले सान्त्वना भए ।
प्रतियोगितामा सान्त्वना स्थान प्राप्त गर्ने पाँचजना खेलाडीलाई नगद पाँच÷पाँच हजार रुपैयाँ पुरस्कार प्रदान गरिएको विजय फाउन्डेसन नेपालका अध्यक्ष त्रिलोचन सापकोटाले जानकारी दिए । प्रतियोगितामा अपाङ्गता भएका (दाहिने हात नभएका) धावक दोलखाका नवराज कार्कीले एक घण्टा ४६ सेकेन्ड २१ मिनेटमा दूरी पार गर्न सफल भएकाले उनलाई हौसलास्वरूप तीन हजार रुपैयाँ पुरस्कार प्रदान गरिएको थियो ।
विजय फाउन्डेसन नेपालको आयोजनामा भएको दोस्रो संस्करणको प्रतियोगितामा देशभरका एक सय ४१ धावकको सहभागिता रहेको सापकोटाको भनाइ छ । प्रतियोगितामा महिलातर्फको उपाधिसमेत त्रिभुवन आर्मी क्लबकै धावकले जितेकी छिन् । त्रिभुवन आर्मीकी पूर्णलक्ष्मी न्यौपानेले २१ किलोमिटरको दूरी एक घण्टा ४८ मिनेट ४६ सेकेन्डमा पूरा गर्दै महिलातर्फ पहिलो भएकी हुन् । न्यौपानेले २५ हजार रुपैयाँ पुरस्कार प्राप्त गरिन् ।
त्यस्तै, महिलातर्फ नवलपुरको गैँडाकोट–६ की अनु मगरले दुई घण्टा ४१ मिनेट पाँच सेकेन्डमा निर्धारित दूरी पार गर्दै दोस्रो र चितवनको कालिका–८ की सुनीना मगरले तीन घण्टा एक मिनेट ३७ सेकेन्डमा दूरी पार गर्दै तेस्रो भइन् । महिलातर्फ दोस्रो र तेस्रो हुने धावकहरूले क्रमशः १५ हजार र पाँच हजार रुपैयाँ पुरस्कार प्राप्त गरेका छन् ।
प्रतियोगिताअन्तर्गत नै आयोजना गरिएको पाँच किलोमिटर दूरीको विद्यार्थीमैत्री दौडमा जनक नमूना माविका मनुप थापा पहिलो भएका छन् । उनले ३२ मिनेट ३५ सेकेन्डमा दूरी पूरा गर्दै १० हजार रुपैयाँ पुरस्कार प्राप्त गरे । प्रतियोगितामा कालिका माविका अनमोल विटालोले ३२ मिनेट ४४ सेकेन्डमा दूरी पार गर्दै रू पाँच हजार तथा जनक नमूना माविकै दीपेश मगरले ३२ मिनेट ५२ सेकेन्डमा दूरी पार गर्दै तीन हजार रुपैयाँ पुरस्कार प्राप्त गरे । त्यस्तै, प्रतियोगितामा छात्रातर्फ विजय सामुदायिक शिक्षा सदनकी सुर्ताना दराईले ४३ मिनेट तीन सेकेन्डमा दूरी पार गर्दै पहिलो हुँदा पाँच हजार रुपैयाँ पुरस्कार प्राप्त गरिन् । प्रतियोगितामा ४४ मिनेट पाँच सेकेन्डमा दूरी पार गर्दै विजय सामुदायिक शिक्षा सदनकी सामना गौतमले तीन हजार रुपैयाँ, ४५ मिनेट १२ सेकेन्डमा दूरी पार गर्दै जनक नमूना माविकी गरिमा अधिकारीले दुई हजार रुपैयाँ पुरस्कार प्राप्त गरिन् । विद्यार्थीमैत्री दौडमा गैँडाकोट नगरपालिकाभित्र रहेका कक्षा १० सम्म अध्ययन गर्ने तीन सय दुईजना खेलाडीको सहभागिता रहेको थियो ।
प्रतियोगितामा गैँडाकोट नगरपालिका प्रमुख मदनभक्त अधिकारी, धावक वैकुण्ठ मानन्धरसहितले
धावकहरूलाई पुरस्कार तथा प्रमाणपत्र वितरण गरेका थिए । कार्यक्रममा अधिकारीले खेलकुदको क्षेत्रमा नगरपालिकाले सक्दो लगानी गरिरहेको बताए । आगामी दिनमा समेत पालिकाले खेलकुदको क्षेत्रलाई प्रवद्र्धन गर्नेगरी नीति तथा योजना बनाएर काम गर्दै जाने बताए ।
हाफ म्याराथन समापनका अवसरमा विजय विकास स्रोत केन्द्रका अध्यक्ष कृष्ण सापकोटाले विकासको क्षेत्रमा अगाडि भएका मुलुकहरू खेलकुदमा समेत अगाडि रहेका दाबी गरे ।रासस

# पर्यटकीय राजधानीमा सडक महोत्सवको रौनक

**कास्की ।**
नेपालका मौलिक कला र संस्कृति झल्कने विविध प्रकारका झाँकीसहितको प्रस्तुतिले पर्यटकीय राजधानी पोखराको लेकसाइडको तीन किलोमिटर क्षेत्रमा बेग्लै रौनकता छाएको छ । लेकसाइडको सडक नियाल्दा लाग्छ नेपालको विभिन्न जातजाति,समुदाय र भाषाभाषीको प्रितिनिधित्वले सिंगो नेपालको तस्बिरलाई उजागर गरिरहेको छ ।
गत शनिबारदेखि लेकसाइडमा सुरु भएको देशकै ठुलो पोखरा सडक महोत्सवको झाँकीसहितको तामझाम, कला कौशलको प्रस्तुति र हजारौँको संख्यामा उपस्थित स्वदेशी र विदेशी नागरिकको सहभागिताले पोखराको पर्यटनलाई जुरुक्कै उचालेको छ । महोत्सवको उद्घाटन सत्रमा आयोजित झाँकीसहितको ¥यालीमा प्रदर्शित 'मगर गाउँ', थारू नृत्य, गुरुङ समुदायको विशेष प्रस्तुति विशेष आकर्षण रहे । महोत्सवको सन्दर्भमा लेकसाइड क्षेत्र दुलहीझैँ सिँगारिएको छ । साज–सजावटले सडकको रौनक बढाएको छ ।
सडक महोत्सवले पोखराको मात्रै नभएर समग्र देशको पर्यटन प्रवद्र्धनमा महत्त्वपूर्ण टेवा पुगिरहेको छ । महोत्सवमा जातीय कला र संस्कृति झल्कने ६५ भन्दा बढी झाँकीको प्रस्तुति गरिएको थियो । साथै स्थानीय रैथाने उत्पादन, हस्तकलाका सामग्रीलगायतका स्टल पनि पर्यटकको रोजाइमा परेका छन् । २५ वर्षअघि सुरु भएको पोखरा सडक महोत्सवले राष्ट्रिय अर्थतन्त्रलाई चलायमान बनाउन सहयोगी हुँदै आएको रेस्टुरेन्ट एन्ड बार एसोसिएसन (रेबान) पोखराका अध्यक्ष विश्वराज पौडेल बताउँछन् । खासगरी पर्यटकीय गतिविधि कम हुने यो सिजनमा बाह्य तथा आन्तरिक पर्यटकको बसाइ लम्ब्याउन र पोखरालाई सडक महोत्सवको पर्यायका रूपमा चिनाउन रेबान पोखराले २५ वर्षअघिदेखि महोत्सव सञ्चालन गर्दै आएको हो । त्यसैको निरन्तरतास्वरूप २६ औँ संस्करणको पोखरा सडक महोत्सव आयोजना गरिएको रेबान पोखराका अध्यक्ष पौडेलले बताए । 'सडक महोत्सवको उद्घाटनका अवसरमा उपस्थित झाँकीहरूका कारण महोत्सव पूर्ण रूपमा सफल देखिएको छ । उल्लेखनीय सहभागितासहित विविध सांस्कृतिक प्रस्तुतिले माहोल बनाएको छ । अघिल्लो वर्षको तुलनामा यो वर्षको महोत्सव भव्य रूपमा भएको हामीलाई महसुस भएको छ,' उनले भने । पर्यटकीय सिजन 'स्लो' भएको समयमा पोखराको पर्यटकलाई चलायमान बनाउन आन्तरिक र बाह्य पर्यटकलाई आकर्षण गर्न महोत्सव उपयोगी बनेको उनको भनाइ छ ।
अध्यक्ष पौडेलका अनुसार महोत्सवकै दौरानमा पोखरामा भइरहेका अन्तर्राष्ट्रिय बेलुन महोत्सव र ड्रागन बोट रेस प्रतियोगिताले पनि पर्यटकीय गतिविधि बढाउन थप मद्दत गरेको छ । पोखराआसपासका साहसिक गन्तव्यका कारणले पनि पोखराको पर्यटन बढी चलायमान बनिरहेको छ । अंग्रेजी महिनाको डिसेम्बर २८ देखि जनवरी १ तारिखसम्म आयोजना हुने पोखरा सडक महोत्सवमा पाँच लाख पर्यटकको आगमन हुने अपेक्षा रेबान पोखराको छ ।
अन्तर्राष्ट्रियस्तरमा नै हरेक अंग्रेजी नयाँ वर्षको अवसरमा आयोजना हुने पोखरा सडक महोत्सवलाई
अन्तर्राष्ट्रियस्तरमा नै स्थापित गराउने अभियान रहेको रेबान पोखराका निवर्तमान अध्यक्ष नरेश भट्टराई बताउँछन् । पर्यटकीय राजधानी पोखरामा निजी क्षेत्रबाट झनडै रु पाँच खर्ब रुपैयाँ लगानी भएको भन्दै निवर्तमान अध्यक्ष भट्टराईले पर्यटकीय पूर्वाधार निर्माणमा राज्यले चासो दिनुपर्ने बताए ।
आजभन्दा २५ वर्षअघि पोखराको वसुन्धरा पार्कबाट सुरु भएको पोखरा सडक महोत्सवले आज देशकै ठुलो सडक महोत्सवको पहिचान बनाएको छ । 'महोत्सवको क्रममा हामीले नेपालका विभिन्न कला–संस्कृतिलाई सडकमा पस्कन्छौँ, जसले आन्तरिक एवं बाह्य पर्यटकलाई नेपाल बुझ्न सजिलो बनाएको छ,' रेबानका निवर्तमान अध्यक्ष भट्टराईले भने, 'अहिले यो महोत्सव निजी क्षेत्रको मात्र सहभागितामा हुँदै आएको छ । अझ यसलाई बृहत् र विस्तृत बनाउनका लागि राज्यका तीनै निकाय (संघ, प्रदेश र स्थानीय तह) को उत्तिकै भूमिका हुनु जरुरी छ ।'
खासगरी राज्यका तर्फबाट निर्माण भएका पर्यटकीय पूर्वाधारको सञ्चालन र निर्माण हुँदै गरेका पर्यटकीय पूर्वाधारको छिटोभन्दा छिटो निर्माण सम्पन्न गर्ने दिशामा भूमिका खेल्न जरुरी रहेको उनको भनाइ छ । पोखरामा क्षेत्रीय विमानस्थल निर्माण हुनु आफैँमा सुखद रहेको भन्दै पोखरा पर्यटन परिषद्का पूर्वअध्यक्ष गोपी भट्टराईले राज्यको यति ठुलो लगानी भएको विमानस्थल सञ्चालनमा राज्यका तर्फबाट न्यारोबडी विमान भाडामा लिएर भए पनि छिमेकी मुलुक भारत, चीन र बंगलादेशका सहरहरूसँग सीधा हवाई सम्पर्क विस्तारमा जोड दिनुपर्ने उनको भनाइ छ ।
पर्यटन क्षेत्रमा अहिले दक्ष जनशक्ति पलायन ठुलो समस्याका रूपमा रहेको भन्दै पोखराका पर्यटन व्यवसायी जनशक्ति पलायनलाई रोक्न राज्यकै तर्फबाट केही नीतिगत व्यवस्थाको आवश्यकता रहेको बताउँछन् । 'पर्यटन क्षेत्रमा दक्ष जनशक्तिको अभाव छ, यो अभावलाई परिपूर्ति गर्न जनशक्ति उत्पादन गर्न र उनीहरूको पलायन रोक्न पनि निजी क्षेत्र र राज्यसँगसँगै अगाडि बढ्न जरुरी छ,' परिषद्का पूर्वअध्यक्ष भट्टराईले भने, 'राजनीतिक स्थायित्वको अभावमा राज्यका नीति पनि समयसमयमा परिवर्तन भइरहने कारणले गर्दा लगानीकर्तालाई निश्चित भए लगानी गर्न सक्ने वातावरणको अभाव छ ।'
करदाताको संरक्षण गर्नुपर्ने दायित्व राज्यको पनि हो । विश्वव्यापी आर्थिक मन्दीको अहिलेको अवस्थामा स्थापित व्यवसायीलाई संरक्षण गर्नु पनि राज्यको प्रमुख दायित्व भएकाले यस्तो अवस्थामा सहुलियतपूर्ण कर्जाको व्यवस्था गर्न जरुरी रहेको उनको भनाइ छ । पोखरा प्राकृतिक सौन्दर्यका अतिरिक्त साहसिक पर्यटनको पनि महत्त्वपूर्ण गन्तव्य बन्दै गएको भन्दै रेबान पोखराका अध्यक्ष पौडेलले वर्तमान समयसुहाउँदो डिजिटल बजारीकरणमा राज्यका तर्फबाट पहल हुन आवश्यक रहेको बताए ।
नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत दीपकराज जोशी परिवर्तित परिस्थितिअनुसार विश्वव्यापी रूपमा नेपालको प्रवद्र्धन गर्न डिजिटल माध्यमको प्रयोगलाई बोर्डले प्राथमिकताका साथ अगाडि बढाउने बताए । नयाँ–नयाँ गन्तव्यहरूको पहिचान र विकासका लागि बोर्डले आगामी दिनमा आफ्ना कार्यक्रमलाई केन्द्रित गर्दै लैजाने उनको भनाइ छ । सिइओ जोशीले पर्यटनबाट लाभ लिनका लागि खासगरी क्षेत्रीय पर्यटन प्रवद्र्धनमा ध्यान दिन जरुरी रहेको बताए ।
पर्यटनलाई चलायमान बनाउन सम्पर्क सञ्जाल विस्तारमा सबै निकायको ध्यान पुग्न जरुरी रहेको उनको जोड छ । आन्तरिक र बाह्य पर्यटन प्रवद्र्धन गर्ने उद्देश्यले पर्यटनको राजधानी पोखरामा २६ औँ संस्करणको पोखरा सडक महोत्सव भएको हो । रेबान पोखराले अंग्रेजी नयाँ वर्षको अवसरमा महोत्सव आयोजना गरेको हो । यही पुस १७ सम्म चल्ने महोत्सवले अफ सिजनको पर्यटनलाई चलायमान बनाउन र अर्थतन्त्रमा थोरै भए पनि योगदान गर्ने बताइन्छ ।
'सडकमै खाऊँ, सडकमै रमाऊँ' भन्ने नाराका साथ आयोजित महोत्सवमा विभिन्न सांस्कृतिक कार्यक्रम, मौलिक वेशभूषासमेत प्रदर्शन गरिएको छ । महोत्सवमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खानाको प्रदर्शन, दोहोरी प्रतियोगिता, झाँकी प्रदर्शन, रात्रिकालीन कन्सर्टलगायत गतिविधि समावेश गरिएका छन् । सडक महोत्सव पोखराको 'ब्रान्ड' बनेको छ । रेबानका केन्द्रीय अध्यक्ष संघर्ष विष्टले सडक महोत्सवले आन्तरिक पर्यटन प्रवद्र्धनका साथै विदेशी पर्यटकको बसाइ लम्ब्याउन मद्दत पुग्ने विश्वास व्यक्त गरे । महोत्सवले स्थानीय पर्यटनमा नेपाली उत्पादनलाई प्रोत्साहन र विश्व बजारमा पु¥याउन पनि मद्दत पुगेको उनको भनाइ छ ।
महोत्सवकै कारण पोखरामा आन्तरिक र बाह्य पर्यटकको आगमन बढेको पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारीले बताए । उनले राजनीतिक स्थायित्व, नीतिगत सुधार र पूर्वाधारको प्रभावकारी सञ्चालन गरिएको खण्डमा पर्यटन विकासमा टेवा पुग्ने बताए । पोखरा सडक महोत्सव देशकै ठुलो महोत्सवको रूपमा रहँदै आएको छ । यो महोत्सवले पोखरामा आन्तरिक तथा बाह्य पर्यटकको बसाइ लम्ब्याउन सहयोगीसिद्ध भएको छ । गत वर्ष मात्र पाँच लाख स्वदेशी तथा विदेशी पर्यटकले सडक महोत्सवको अवलोकन गरेको रेबानले जनाएको छ । पोखरामा दर्ता भएका पर्यटकस्तरदेखि
पाँचतारेसम्मका आठ सय हाराहारी होटेल छन् । यी पूर्वाधारमा ५० हजार पर्यटकलाई धान्न सक्ने क्षमता रहेको पर्यटन व्यवसायीको भनाइ छ । काठमाडौं ओर्लिने विदेशी पर्यटकमध्ये ४० प्रतिशत पोखरा आउँछन् ।
नेपाल पर्यटन बोर्डको तथ्यांकअनुसार सन् २०२४ को ११ महिनामा १० लाख ५५ हजार पाँच सय ३३ विदेशी पर्यटक आएका छन् । सन् २०१९ मा हालसम्मकै बढी १२ लाख हाराहारी विदेशी पर्यटकले नेपाल भ्रमण गरेका थिए । अन्तर्राष्ट्रिय उत्वस र प्रतियोगिताले यस वर्षको महोत्सवलाई उल्लासमय बनाएको छ । नेपालमा पहिलोपटक अन्तर्राष्ट्रिय हट एयर बेलुन महोत्सव आयोजना गरिएको छ । पोखरामा आइतबारदेखि सुरु भएको महोत्सवमा २० देशका व्यावसायिक बेलुन कम्पनीको सहभागिता रहेको छ । यस्तै, नेपालको पर्यटन प्रवद्र्धन गर्ने उद्देश्यले नेपालको पर्यटन प्रवद्र्धन गर्ने नेपाल–चीन मैत्रीपूर्ण ड्रागन बोट रेस प्रतियोगिता आइतबारदेखि सुरु भएको छ । दोस्रो संकरणको ड्रागन बोट रेसमा नेपालका ११, चीनका आठ र सिंगापुरका एक गरी २० वटा समूहको सहभागिता रहेको छ ।रासस

# स्याङ्जाका चन्द्रलाई गुरुङ पोसाक फोटो प्रतियोगिताको उपाधि

**धादिङ ।**
नेपालका गुरुङ समुदायको राष्ट्रिय पोसाक फोटो प्रतियोगिता 'गुरुङ ड्रेस फोटो कन्टेस्ट–२०८१' को 'टाइटल' स्याङ्जाका चन्द्र गुरुङले जितेका छन् ।
देश–विदेशबाट प्रतियोगितामा सहभागी तीन सय ४२ वटा फोटोलाई पछि पार्दै चन्द्र गुरुङको फोटोले टाइटल जितेको हो। प्रतियोगितामा चितवनकी अङ्किता गुरुङ 'फस्ट रनरप', लमजुङका अनिल गुरुङ 'सेकेन्ड रनअप' र धादिङकी प्रतिभा गुरुङको फोटोले 'थर्ड रनरप'को उपाधि पाएको छ ।
सामाजिक सञ्जाल 'फेसबुक'मा आएका 'लाइक', 'कमेन्ट', 'शेयर' र बान्की पूरा गरेर गुरुङ पोसाक लगाएका आधारमा विजेता घोषणा गरिएको आयोजक संस्था नेपाल तमु 'गुरुङ' विद्यार्थी छोंज धीं धादिङका अध्यक्ष एवं प्रतियोगिताका संयोजक रेखबहादुर गुरुङले जानकारी दिए ।
'गुरुङ समुदायको कला, संस्कृति र वेशभूषा संरक्षणमा योगदान पु¥याउने उद्देश्यले आयोजना गरिएको प्रतियोगिताले देश–विदेशमा गुरुङ वेशभूषाको प्रचार भएको र त्यसले सिङ्गो देशकै पहिचान बढाएको महसुस गरेका छौँ', संयोजक गुरुङले भने, 'यसले बालबालिका र युवालाई आफ्नो वेशभूषा



सिक्न प्रेरित गरेको छ ।'
'डिजिटल प्लेटफर्म'को प्रयोग गरी सामाजिक सञ्जालमार्फत आयोजना गरिएको फोटो प्रतियोगिताले नेपालका विभिन्न जातजातिसँग भावनात्मक, सांस्कृतिक तथा सामाजिक चेतना जगाउन सहयोग पुग्ने तमु ह्यूल छोंज धीं गुरुङ राष्ट्रिय परिषद् धादिङका पूर्वअध्यक्ष गोपाल गुरुङले बताए ।
तमु ल्होसारका अवसर पारेर प्रतियोगितामा उत्कृष्ट छनोट भएका फोटोलाई नगदसहित ट्रफी, प्रमाणपत्र र विभिन्न उपहार प्रदान गरिएको छ । प्रतियोगीताको उत्कृष्ट १० मा परेका फोटोहरूलाई पनि गुरुङ पोसाकसहित प्रमाणपत्र र उपहार प्रदान गरिएको छ ।
कार्यक्रमकै अवसरमा 'फोटो कन्टेस्ट' सफल पार्न सहयोग गर्ने दाताहरूलाई सम्मान गरिएको थियो ।
सीमित स्रोतसाधन प्रयोग गरी गुरुङ पोसाकको संरक्षण संवद्र्धन र प्रवद्र्धनमा उल्लेखनीय टेवा पुगेको नेपाल तमु (गुरुङ) विद्यार्थी छोंज धींका केन्द्रीय अध्यक्ष पवन गुरुङले बताए । सामाजिक सञ्जालको भड्किलो प्रयोग बढ्दै जाँदा सामाजिक सञ्जालको सही सदुपयोग गरी सकारात्मक सन्देश दिन पनि यस्ता प्रतियोगिताले सहयोग गर्ने कार्यक्रमका अतिथिहरूले बताएका थिए ।
'कला संस्कृति वेशभूषा गुरुङ जातिको पहिचान, यसको संरक्षण र संवद्र्धन हाम्रो अभियान' भन्ने नारासहित तीन महिना फोटो पोस्ट गर्ने समय तोकिएको थियो ।रासस

# तीन ऐन संशोधन र एउटा खारेज गरी ल्याइएको सहकारीसम्बन्धी अध्यादेशमा के छ ?

**काठमाडौँ ।**

सरकारले तीन वटा ऐन संशोधन र एउटा ऐन खारेज गरी 'सहकारीसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश, २०८१' ल्याएको छ । मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलले आइतबार यो अध्यादेश जारी गरेका हुन् । अध्यादेशमार्फत सहकारी ऐन २०७४, नेपाल राष्ट्र बैंक ऐन २०५८ र निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन २०७३ संशोधन गरिएको छ भने राष्ट्रिय सहकारी विकास बोर्ड ऐन, २०४९ खारेज भएको छ । अध्यादेशले बचत तथा ऋण सहकारी संस्थाको नियमनका लागि 'राष्ट्रिय सहकारी नियमन प्राधिकरण' गठन गर्ने व्यवस्था ल्याएको छ । अब बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाको दर्ता प्राधिकरणले निर्धारण गरेको मापदण्ड बमोजिम स्थानीय तहमा मात्र हुनेछ । यस्ता सहकारी संस्थालाई तोकिएको आधारमा सङ्घ, प्रदेश र स्थानीय गरी तीन तहमा वर्गीकरण गरिएको छ भने एक वर्षभित्र प्राधिकरणमा दर्ता भइसक्नुपर्नेछ ।



अध्यादेशको व्यवस्थाअनुसार एक व्यक्ति एकै प्रकृतिका एकभन्दा बढी सहकारी संस्थामा सदस्य हुनसक्ने छैन । यो व्यवस्था लागू हुँदाका बखत एकै प्रकृतिको एकभन्दा बढी सहकारी संस्थाको सदस्य भएको व्यक्ति एक वर्षभित्र कुनै एक संस्थाको मात्र सदस्यता कायम राख्नुपर्नेछ । त्यसैगरी, कुनै व्यक्ति बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको सञ्चालक पदमा दुई कार्यकालभन्दा बढी अवधिका लागि निर्वाचित हुन र बहाल रहन सक्ने छैन ।

अध्यादेशले सहकारी संस्थाहरुमा व्यक्तिगत बचत तथा ऋणको सीमासमेत तोकेको छ । "एक प्रदेशभन्दा बढी कार्यक्षेत्र रहेको बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थामा रू ५० लाखसम्म, एक जिल्लाभन्दा बढी कार्यक्षेत्र रहेको संस्थामा २५ लाख रुपैयाँसम्म र बढीमा एक जिल्लाभित्र कार्यक्षेत्र रहेको संस्थामा १० लाख रुपैयाँसम्म मात्र बचत राख्न सकिनेछ', अध्यादेशमा भनिएको छ, 'तर यो व्यवस्था हुँदाको बखत कायम रहेको व्यक्तिगत बचतलाई दुई वर्षभित्र कानुनले तोकेबमोजिम कायम गरिसक्नुपर्नेछ ।'

त्यस्तै, बचत तथा ऋण सहकारी संस्थाको प्राथमिक पुँजी कोषको १५ प्रतिशतभन्दा बढी रकम ऋण प्रवाह गर्न सकिने छैन । सहकारी संस्थामा १० लाख रुपैयाँभन्दा बढी बचत रकम जम्मा गर्दा अनिवार्य रूपमा त्यस्तो रकमको स्रोत खुलाउनुपर्नेछ । स्रोत नखुलाएको बचत रकम सहकारी संस्थाले स्वीकार गर्न नहुने व्यवस्था अध्यादेशमा राखिएको छ । बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाले प्रचलित कानुन बमोजिम स्थापना भएको कर्जा सूचना केन्द्रको सदस्यता प्राप्त गरी बचत तथा ऋण कारोबारको सूचना आदानप्रदान गर्नुपर्नेछ ।

'कर्जा सूचना केन्द्रले सदस्य सहकारी संस्थाको कर्जा प्रवाहमा वस्तुगत उद्देश्य र उपयुक्तता कायम गर्न त्यस्तो सहकारी संस्थाले प्रवाह गरेको ऋणको सूचना पनि प्राप्त गर्न सक्नेछ', अध्यादेशमा भनिएको छ, 'सहकारी संस्थाले १० लाख रुपैयाँभन्दा बढी ऋण कारोबारको सूचना कर्जा सूचना केन्द्रलाई उपलब्ध गराउनु पर्नेछ र समयमा ऋण नतिर्ने ऋणीको नाम प्रत्येक तीन महिनामा अनिवार्य रुपमा कर्जा सूचना केन्द्रलाई उपलब्ध गराउनु पर्नेछ ।' त्यस्तै, बचत तथा ऋण सहकारी संस्थाले प्रचलित कानुन बमोजिम स्थापना भएको निक्षेप तथा कर्जा सुरक्षण कोषको सुरक्षित सदस्य संस्थाको रुपमा सदस्यता लिनुपर्नेछ ।

सहकारी क्षेत्रमा अहिले देखिएको समस्या समाधान गर्न तथा नियमन र अनुगमनका लागि अध्यादेशमार्फत राष्ट्रिय सहकारी नियमन प्राधिकरण गठन गर्न सकिने व्यवस्था ल्याइएको छ । सङ्घ, प्रदेश र स्थानीय तहको कार्य क्षेत्रभित्रका बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको नियमन गर्न प्राधिकरणको स्थापना गरिएको हो ।

प्राधिकरणको केन्द्रीय कार्यालय काठमाडौँ उपत्यकामा रहनेछ । प्राधिकरणले आफ्नो वार्षिक प्रतिवेदन सरकार समक्ष पेस गर्नेछ भने उक्त प्रतिवेदन सरकारले सङ्घीय संसद्को सम्बन्धित समितिमा पेस गर्नेछ । प्राधिकरण अविच्छिन्न उत्तराधिकारवाला एक स्वायत्त, स्वशासित र सङ्गठित संस्था हुने र यसले कानुनी व्यक्तित्व प्राप्त गर्ने हुने व्यवस्था अध्यादेशमा राखिएको छ ।

त्यस्तै, अध्यादेशमार्फत प्राधिकरणको काम, कर्तव्य र अधिकार तोकिएको छ । 'बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको दर्ता, नियमन, सुपरीवेक्षण, अनुगमन तथा प्रतिवेदन प्रणाली लगायतका विषयमा राष्ट्रिय मापदण्ड बनाइ कार्यान्वयन गर्ने गराउने काम प्राधिकरणको हुनेछ', अध्यादेशमा भनिएको छ, 'यस्ता सहकारी संस्थाको सञ्चालन सम्बन्धमा नियामकीय मापदण्ड (प्रुडेन्सियल स्ट्याण्डर्डस्) जारी गर्ने, बचतकर्ताको बचत सुरक्षाको सुनिश्चित गर्न आवश्यक कार्य गर्ने, बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको नियमित रूपमा निरीक्षण गर्ने, उजुरी लिने, प्राप्त उजुरी उपर जाँचबुझ गर्ने र सम्बन्धित संस्थालाई निर्देशन दिनेलगायतका काम प्राधिकरणले गर्नेछ ।'




त्यस्तै, नियमन तथा सुपरीवेक्षणका लागि नेपाल चार्टर्ड एकाउन्टेन्ट संस्थाको समन्वयमा रोष्टर तयार गरी बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाहरूको नियामकीय परीक्षण (प्रुडेन्सियल अडिट) प्राधिकरणले गर्नेछ । सहकारीको व्यवस्थापन सूचना प्रतिवेदन प्रणालीलाई सङ्घ, प्रदेश र स्थानीय तहमा लागू गर्ने–गराउने, प्रदेश र स्थानीय तहका बचत तथा ऋण सहकारी संस्थाको प्रदेश र स्थानीय तहसँग समन्वय गरी संयुक्त रूपमा अनुगमन, नियमन तथा सुपरीवेक्षण गर्ने गराउने काम प्राधिकरणको रहेको छ ।

प्राधिकरण समक्ष परेको बचत रकम हिनामिना लगायतका उजुरीको कारबाही र किनारा गर्दा प्राधिकरणलाई प्रचलित कानुन बमोजिम जिल्ला अदालतलाई भए सरहको अधिकार हुने व्यवस्था अध्यादेशमा राखिएको छ । जसअन्तर्गत कुनै व्यक्तिलाई प्राधिकरण समक्ष उपस्थित गराई बयान गराउने बा जानकारी लिने, साक्षी बुझ्ने, सरकार तथा मातहतका निकाय वा सार्वजनिक संस्थामा रहेको कुनै लिखत कागजात पेस गर्न आदेश दिने, स्थलगत निरीक्षण गर्ने, गराउने तथा दसी प्रमाण पेस गर्न आदेश दिनेलगायतका अधिकार दिइएको छ ।

'प्राधिकरणले यो ऐन वा यसअन्तर्गत बनेको नियम बमोजिमको कुनै विषय पालना नगर्ने बचत तथा ऋण सहकारी संस्थालाई पाँच लाख रुपैयाँदेखि १५ लाखसम्म जरिवाना गर्न सक्नेछ र त्यस्तो सहकारी संस्थाको दर्ता खारेज गर्न सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ', अध्यादेशमा भनिएको छ, 'यस्ता सहकारी संस्थाको सञ्चालक, पदाधिकारी, व्यवस्थापक वा कर्मचारीले यस ऐन वा ऐनअन्तर्गत बनेको नियम उल्लङ्घन गरेमा एक लाख रुपैयाँदेखि पाँच लाखसम्म जरिवाना गर्न सक्नेछ र त्यस्तो सञ्चालक, पदाधिकारी, व्यवस्थापक वा कर्मचारीलाई प्रचलित कानुन बमोजिम कारबाहीका लागि लेखि पठाउन सक्नेछ ।'

समस्याग्रस्त घोषणा भएको सहकारी संस्थाको सदस्यले जम्मा गरेको पाँच लाख रुपैयाँसम्मको बचत पहिलो प्राथमिकतामा राखी भुक्तानी गर्नुपर्ने व्यवस्था अध्यादेशमा राखिएको छ । सदस्यले जम्मा गरेको पाँच लाख रुपैयाँभन्दा बढी बचतको हकमा सम्बन्धित संस्थाले एकै पटक भुक्तानी गर्ने अवस्था नभएमा मापदण्ड बनाई सदस्यको बचत रकम आनुपातिक रुपमा भुक्तानी गर्ने व्यवस्था मिलाउनु पर्नेछ । बचत रकम फिर्ता गर्ने प्रयोजनका लागि प्राधिकरणले सहकारी संस्थाको सम्पत्ति वा ऋण प्रदान गर्दा लिएको धितो सुरक्षण बिक्री गर्न सक्नेछ । धितो सुरक्षण बिक्री गर्नुअघि सम्बन्धित ऋणीलाई सहकारी संस्थाको ऋण चुक्ता गर्न समय दिई सो अवधिभित्र ऋण चुक्ता नगरेमा त्यस्तो धितो सुरक्षण लिलाम बढाबढ गरी बिक्री गर्नुपर्नेछ । त्यस्तो धितो सुरक्षण बिक्री गर्दा ऋणीले तिर्नुपर्ने रकमभन्दा बढी रकम प्राप्त हुन आएमा ऋणीको रकम चुक्ता भई बाँकी रहेको रकम त्यस्तो ऋणीलाई फिर्ता दिनुपर्ने अध्यादेशमा उल्लेख छ । समस्याग्रस्त संस्था वा सङ्घको सम्पत्ति व्यवस्थापन गर्ने सिलसिलामा लाग्ने सम्पूर्ण खर्च त्यस्तो संस्था वा सङ्घको सम्पत्तिबाट व्यहोरिने अध्यादेशमा जनाइएको छ ।



अध्यादेशमार्फत नेपाल राष्ट्र बैंक दफा ८८ मा संशोधन गरी कर्जा सूचना केन्द्रले बैंक तथा वित्तीय संस्थासँगै सहकारीसम्बन्धी प्रचलित कानुन बमोजिम दर्ता भएका सहकारी संस्थाको पनि सूचना लिन पाउने व्यवस्था ल्याइएको छ । त्यस्तै निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३ मा संशोधन गरी सहकारी संस्थाहरुलाई निक्षेप तथा कर्जा सुरक्षण कोषको अधिकार क्षेत्रभित्र ल्याइएको छ ।

अध्यादेशमार्फत राष्ट्रिय सहकारी विकास बोर्ड ऐन, २०४९ खारेज गरिएको छ । अब राष्ट्रिय सहकारी विकास बोर्डको चल–अचल सम्पत्ति लगायतको जायजेथा दायित्व र सो बोर्डमा कार्यरत कर्मचारी प्राधिकरणमा स्वतः सर्नेछ । हाल बहाल रहेका राष्ट्रिय सहकारी विकास बोर्डका सदस्य यो दफा प्रारम्भ भएपछि आफ्नो पदबाट स्वतः पदमुक्त हुनेछन् । रासस

# बुद्धिजिवीहरुलाई पनि सही र गलत छुट्याउने ज्ञानको कमी छः तिवारी




**सुनिल कुमार साह**
**जनकपुरधाम ।**
मधेश प्रदेश सरकारकी शिक्षा तथा संस्कृति मन्त्री रानी तिवारीले राजनीतिकर्मीलाई जहिल्यै मुर्ख देखाउने बुद्धिजिवीहरुलाई पनि सही र गलत छुट्याउने ज्ञानको कमी भएको औंल्याएकी छन् । सोमबार जनकपुरमा आयोजित 'शिक्षामा नीति संवाद' कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री तिवारीले सरकारी सुविधाको भरमा परिवार पालिरहेका शिक्षकहरुलाई राजनीतिमा लाग्न नहुने बताइन् । शिक्षकहरु राजनीतिमा लाग्ने नहुने पक्षमा आफु रहेको उल्लेख गर्दै मन्त्री तिवारीले प्रदेशमा दयनीय अवस्थामा रहेको शैक्षिक अवस्थामा सुधार ल्याउन नेतृत्वदायी भूमिका निर्वाहका लागि शिक्षकहरुलाई निर्देशन दिइन् ।

कार्यक्रममा योजना आयोग उपाध्यक्ष डा. सोहन साहले उपलब्ध बजेट र काम गर्न पाएको अवधिको तुलनामा प्रदेश सरकारले शिक्षामा सन्तोषजनक काम गरेको उल्लेख गर्दै अझ धेरै गर्न आवश्यक रहेको बताए । उनले भने, 'प्रदेश सरकारलेभन्दा बढी बजेट शिक्षाका लागि एनजिओहरुले खर्च गरिरहेको छ । त्यस आधारमा ती संस्थाहरु पनि जिम्मेवार भइदिन आवश्यक छ ।' प्राध्यापक डा. विद्यानाथ कोइरालाले मधेशको शैक्षिक अवस्था दयनीय रहेको उल्लेख गर्दै सुधारका लागि पर्याप्त सम्भावना पनि रहेको बताए । उनले भने, 'यहाँको शैक्षिक स्तर खस्केको त छ तर सुधार गर्नै नसक्ने होइन । सुधार गर्ने आधार पर्याप्त छ ।'

# वीरगंजमा पनि राष्ट्रिय धोती दिवस मनाइने

**मधेशदृष्टि**
**वीरगंज ।**
अंग्रेजी नयाँ वर्षको पहिलो दिनमा जनमत पार्टीले वीरगंजमा पनि राष्ट्रिय धोती दिवस मनाउने भएको छ । पुस १७ गते अर्थात (जनवरी १)मा जनमत पार्टीले काठमाडौँसहित विभिन्न जिल्लामा राष्ट्रिय धोती दिवस मनाउने निर्णय गरेको छ ।
त्यहि निर्णय अनुसार, वीरगंजमा पनि बुधबारका दिन राष्ट्रिय धोती दिवस मनाउन लागिएको जनमत पार्टीका पर्सा जिल्ला अध्यक्ष ओमप्रकाश सर्राफले बताए । सर्राफले वीरगंजको घण्टाघर चोकमा बिहान ८ बजे आयोजना गर्न लागिएको राष्ट्रिय धोती दिवस कार्यक्रममा सहभागी हुन सबैमा अपिल पनि गरेका छन् । मधेश र मधेशीको पहिचानको संरक्षण तथा जगेर्नाका साथै देश–विदेशमा मधेशी पोशाकको प्रचारप्रसारका लागि अंग्रेजी नयाँ वर्षको दिन राष्ट्रिय धोती दिवस मनाउन लागिएकाले आ–आफ्नो मौलिकता झल्कने गरी धोती, कुर्ता लगायतको पोशाक लगाएर उक्त कार्यक्रममा बढीभन्दा बढी संख्यामा सहभागी भइदिन उनले आह्वान गरेका छन् ।

# सुड़ी समाजको नेतृत्वमा भगत




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
सुड़ी समाज कल्याण समिति जनकपुरधामको नयाँ कार्यसमिति सर्वसम्मत चयन गरिएको छ । सोमबार जनकपुरधाममा सम्पन्न समितिको पाँचौ साधारण सभा तथा तेस्रो अधिवेशनबाट जीत नारायण भगतको नेतृत्वमा ११ सदस्यीय नयाँ कार्यसमिति चयन गरिएको हो ।
समितिको उपाध्यक्षमा रामउदार महासेठ, महासचिवमा मनोज कुमार महतो, सचिवमा प्रवीण कुमार महतो र कोषाध्यक्षमा फूल कुमारी साहलाई सर्वसम्मत चयन गरिएको निर्वाचन समितिका संयोजक लक्ष्मी नारायण भगतले जानकारी दिए ।
नवनिर्वाचित समितिको सदस्यहरुमा रागिनी साह, सियारानी महतो, सत्यनारायण महतो, गौरी शंकर साह, संजीव कुमार महतो र रीता देवी साह चयन भएका छन् । त्यस्तै, सल्लाहकार समितिमा कैलाश नायक, रघुनाथ महतो, विष्णु देव साह, जनक नन्दनी शरण, सोनेलाल साह, वेचन प्रसाद साह, बीना महतो, कञ्चन कुमारी साह, परमेश्वर साह, अरुणा पंजियार र उषा साहलाई मनोनयन गरिएको निर्वाचन समितिका सदस्य रघुनाथ महतोले जानकारी दिएका छन् ।

# पत्रकारहरूको पेशागत सुरक्षाका लागि सरकार गम्भीर छः मुख्यमन्त्री

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले पत्रकारहरूको पेशागत सुरक्षा तथा मर्यादा बढाउनका लागि प्रदेश सरकार गम्भीर रहेको बताएका छन् । मुख्यमन्त्री सिंहले नेपाल पत्रकार महासङ्घ मधेश प्रदेश समितिको नव निर्वाचित पदाधिकारीहरूको पद हस्तान्तरण कार्यक्रमको सोमबार जनकपुरधाममा सम्बोधन गर्दै सो कुरा बताएका हुन् ।
उनले मधेश प्रदेश समितिको कार्यालय भवन निर्माण गर्नका लागि चालु आर्थिक वर्षमा ८० लाख बजेट विनियोजन गर्नुका साथै पत्रकारहरूको पेशागत सुरक्षाका लागि ७ लाखको दुर्घटना तथा १ लाखको स्वास्थ्य बिमा तथा उच्च शिक्षा हासिल गर्नका लागि छात्रवृत्ति दिने व्यवस्था गरेको बताए । उनले मधेश प्रदेश सरकारले विभिन्न पत्रपत्रिका तथा सञ्चार माध्यमहरूलाई लोककल्याणकारी विज्ञान दिँदै आएकोमा अब अनलाइनलाई दिने गरि प्रदेश सरकार अगाडी बढेको बताए । उनले पत्रकारहरूले मधेश प्रदेश सरकारले गरेको सकारात्मक कार्यको प्रचार गरिदिनका लागि आग्रह गर्दै नकारात्मक समाचार मात्र दिँदा मधेश प्रदेशलाई हेर्ने दृष्टिकोण नै नकारात्मक बन्न थालेकाले यस तर्फ सचेत रहनका लागि आग्रह गरे ।
जनकपुरधाम उपमहानगरपालिकाका नगरप्रमुख मनोज कुमार साहले नेपाल पत्रकार महासङ्घको भवन निर्माणका लागि उपमहानगरपालिकाले सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे । नेपाल पत्रकार महासङ्घ मधेश प्रदेशका नव निर्वाचित अध्यक्ष श्याम बन्जराको अध्यक्षतामा भएको शुभकामना आदान प्रदान कार्यक्रममा यस अघि महासङ्घका अध्यक्ष राजेश कुमार कर्णले नवनिर्वाचित अध्यक्ष श्याम बन्जराई पद हस्तान्तरण गरेका थिए ।



## 'लोकतान्त्रिक व्यवस्था ल्याउनुमा सञ्चारकर्मीको अग्रणी भूमिका'

मधेस प्रदेशका गृह, सञ्चार तथा कानूनमन्त्री राजकुमार लेखीले बर्तमान लोकतान्त्रिक व्यवस्था ल्याउनुमा सञ्चारकर्मीको अग्रणी भूमिका रहेको बताएका छन् । आम सञ्चार प्राधिकरण मधेश प्रदेशद्वारा सोमबार आयोजित साइबर सुरक्षा र एआईसम्बन्धि एकदिने अभिमुखिकरण कार्यक्रममा मन्त्री लेखीले राजनीतिक परिवर्तनमा पत्रकारको भूमिका अतुलनीय रहेको बताउँदै पत्रकारप्रति आम जनताको ठुलो आशा, भरोसा र विश्वास रहेकाले थप जिम्मेवार, मर्यादित हुँदै नयाँ प्रविधिको उपयोग गरी समाचार सम्प्रेषण गर्नुपर्नेमा जोड दिए । प्राधिकरण मधेस प्रदेशका अध्यक्ष श्यामसुन्दर यादवको अध्यक्षतामा सम्पन्न कार्यक्रममा मधेश प्रदेशका पूर्व शिक्षा तथा संस्कृतिमन्त्री महेशप्रसाद यादव, मधेश प्रदेश सभा सदस्य किरणकुमारी साहलगायतको उपस्थिति रहेको थियो ।

# कटहरियाका मेयर र हाकिम जोशिमाथि कारवाहीको माग

**सञ्जय मिश्रा**
**रौतहट ।**
जिल्लाको कटहरिया नगरपालिकाका मेयर र प्रमुख प्रशासकीय अधिकृत माथि कानुनी कारवाहीको माग उठ्न थालेको छ । नगरपालिकामा करोडौं अनियमितता गर्ने योजना अनुसार निर्णय पुस्तिका दुरुपयोग गरिएको पुष्टि भएसँगै जनप्रतिनिधिहरुले मेयर र प्रमुख प्रशासकीय अधिकृतमाथि कार्वाहीको माग गरेका छन् । उपमेयर रीता देवी यादवको नेतृत्वमा गएको जनप्रतिनिधिहरुले निर्णय पुस्तिका दुरुपयोग गर्ने प्रमुख प्रशासकीय अधिकृत रामजी जोशि माथि पनि कारवाहीको माग गरेका हुन् । जनप्रतिनिधिहरुले अधिकृत जोशी र मेयर जयप्रकाश जैसवालविरुद्ध आइतबार जिल्ला प्रशासन कार्यालय रौतहटमा लिखित उजुरी दर्ता गराएका छन् । करोडौं अनियमितता गर्ने योजनामा पुरानो बैठकको निर्णय पुस्तिकामा पुरानै मितिमा अवैध रुपमा दर्जनौ निर्णय लेखेका अधिकृत जोशी र योजनाकार मेयर जैसवाल माथि कानुनी कारवाही गर्न लिखित उजुरी मार्फत माग गरिएको छ । मेयर जैसवालको निर्देशनमा गत मंसिर २० गते बसेको नगर कार्यपालिका बोर्डको बैठकमा करारको कर्मचारी भर्ना र ईलाका प्रहरी कार्यालय कटहरियाको लागि जग्गा खरिदको लागि आएको प्रस्तावमा सहमती हुन सकेको थिएन । मेयर जैसवालको ईशारामा सोही बैठकको निर्णय पुस्तिका र सोही मितिमा प्रमुख प्रशासकिय अधिकृत रामजी जोशीले दर्जनौं निर्णय लेखेर कार्यपालिका सदस्यहरुसँग घर घरमा घुमाएर हस्ताक्षर गराएको पुष्टि भएको उपमेयर यादवले बताएकी छन् । मेयर जैसवालले केही कार्यपालिका सदस्यहरुलाई बिभिन्न प्रलोभन देखाई पुरानै मितिमा हस्ताक्षर गराएर पटक पटक बहुमतको दाबी गर्दै आएको उपमेयर यादवले जानकारी दिएकी छन् ।
कटहरियाको ९ वटै वडामा खटिरहेका झण्डै ५० जना करारका कर्मचारीहरुको बक्यौता २० महिनासम्मको तलब भुक्तानी पछि मात्र अर्को भर्ना खुलाउनु पर्ने, गत मंसिर २० गतेको बैठकको निर्णय पुस्तिका दुरुपयोग गरी गरिएको निर्णयहरु बदर गरिनुपर्ने माग गर्दै एकसाता अघि नगरपालिकामा गरिएको तालाबन्दी हालसम्म यथावत रहेको छ ।

# सबैलामा ३ बिघाको धान लुटियो



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषाको कमला नगरपालिका वडा नम्बर २ का कृष्णकुमार नायकको सबैला नगरपालिका–१२ रघुनाथपुरमा रहेको खेतको धानबाली लुटपाट भएको छ । कृष्णकुमारका नाममा दर्ता रहेको कित्ता नम्बर ९ (ख) ६२२ को ८ कठ्ठा १७ धुर र किता नम्बर ९(ख) ६२३ को जम्मा ८ कठ्ठा १३ धुर गरी १७ कठ्ठा १० धुर जग्गाको धानबाली जबर्जस्त काटेर लगेको बताइएको छ ।
पीडित कृष्णकुमारका अनुसार, पुस ५ गते सबैला नपा–१२ का श्यामलाल अधिकारी, नथुनी कवारी, सबैला–४ का रामसागर यादवले धानवाली लुटेका हुन् । त्यस्तै, कृष्णकुमारकै बहिनी सबैला–२ कि बिमल देवीको नाममा रहेको कित्ता नम्बर ३०४२ को क्षेत्रफल १ बिघा र कृष्णकुमारको श्रीमती समुन्द्रीदेवीका नाममा रहेको कित्ता नम्बर ३०४३ को क्षेत्रफल १ बिघा पाँच कठ्ठासहित २ बिघा जमिनको धानबाली अर्कै समूहले लुटपाट गरेको बताइएको छ ।
कृष्णकुमारका अनुसार सबैला–४ का छोटन विराजी यादव, गीतादेवी यादव, क्षीरेश्वर–९ का फतलु यादव, उर्मिलादेवी यादवसमेतका समूहले जबर्जस्त धानबाली लुटेका हुन् । जबर्जस्त धानबाली लुटेर लैजानेमाथि कानूनी कारबाहीका लागि अदालत जाने तयारीमा रहेको कृष्णकुमारले सबैसँग सहयोग अपिल गरे ।

# डेढ क्विन्टल बढी गाँजासहित दुई जना पक्राउ



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिका वडा नम्बर १८ भवानीपुर सीताराम चोक नजिकैबाट एक सय ६० किलो लागूऔषध गाँजासहित दुई जनालाई प्रहरीले पक्राउ गरेको छ । विशेष सूचनाका आधारमा गएराति प्रहरीको विशेष टोलीले परवानीपुरबाट ड्राइपोर्टतर्फ आउँदै गरेको ना ३ ख ४२१२ नम्बरको ट्रकलाई जाँच गर्ने क्रममा एक सय ६० किलो गाँजा फेला पारेको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ । पक्राउ पर्नेमा मकवानपुरको हेटौँडा उपमहानगरपालिका–७ कमानेका ट्रक चालक तथा गाडीधनी ४४ वर्षीय कृष्ण घलान र चितवनको राप्ती नगरपालिका–३ का २० वर्षीय रोनाल विश्वकर्मा रहेका जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक किशोर लम्सालले जानकारी दिए ।

# नेपालमा प्रथम राष्ट्रिय बाँस सम्मेलनको आयोजना हुँदै



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
सर्वसधारणहरुलाई बाँसको महत्वलाई बुझाउने गरि नेपालमा पहिलो पटक तीन दिवसीय प्रथम राष्ट्रिय बाँस सम्मेलन आयोजना गर्न लागिएको छ । कुनै समयमा सर्वसधारणहरु बाँसको अत्याधिक महत्वको साथ प्रयोग गर्ने गरेका थिए । विस्तारै बाँसको प्रयोग घटन थालेपछि यसको महत्वलाई जगाउन सम्मेलनको आयोजना गर्न लागिएको जनाईको छ । खोटाङ जिल्लाको दिक्तेलमा फागुन १५, १६ र १७ गते प्रथम राष्ट्रिय बाँस सम्मेलन २०८१ को आयोजना गर्न लागिएको हो ।
'ग्रिन गोल्ड' को रुपमा परिचित बहुपयोगि बाँसको महत्वलाई बुझेर कार्यनीति बनाउन सहयोग पुगोस् भन्ने उद्देश्यले बाँसको प्रयोग र व्यवसायीक रुपमा रहेको चुनौति तथा सम्भावना पत्ता लगाउन प्रथम राष्ट्रिय बाँस सम्मेलन आयोजना गर्न लागिएको छ । प्रथम राष्ट्रिय बाँस सम्मेलनका लागि आयोजक समितिले सोमबार प्रदेश स्तरीय पूर्वतयारी सम्बन्धि छलफल कार्यक्रम गरेको छ । सम्मेलनको मूल नारा 'जहाँ बाँस त्यहाँ जीवन, जहाँ जीवन त्यहाँ बाँस' तय गरिएको छ । हेविट फोर हुमनिटि ईन्टरनेसनल नेपालको आर्थिक सहयोग र रतौली युवा कल्वको सहजीकरणमा संचालित सुरक्षीत आवाश परियोजना अन्र्तगत गोष्ठिको आयोजना गरिएको थियो ।
साकिरा खानको अध्यक्षतामा भएको कार्यक्रममा सम्मेलनको तयारी सम्बन्धीमा विस्तृत छलफलको आयोजना गरिएको थियो । दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका मुख्य आयोजक रहने यस सम्मेलनमा वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र बबरमहल, काठमाडौँ, पर्यटन, वन तथा वातावरण मन्त्रालय, कोशी प्रदेश, विराटनगर र ग्रीन बाम्बो क्रिएशन प्रालि, ललितपुर आयोजक रहनेछन् ।
सम्मेलनमा बाँससँग सम्बन्धित सरकारी तथा वन वातावरण सम्बन्धी गैरसरकारी संघसंस्था, शैक्षिक तथा अनुसन्धान निकाय, नीजि क्षेत्र, बाँसमा आधारित उद्यमीहरुले सहभागिता जनाउने छन् । बाँस एक बहुउपयोगी वनस्पति रहेको तथा यसको मानव जीवन र जनजीवीकासंग अन्योन्याश्रित सम्बन्ध रहेको र नेपालमा बाँसजन्य वनस्पतिका विभिन्न ७५ भन्दा बढी प्रजातिहरु उपलब्ध छन् ।
बाँस हाम्रो धर्म, संस्कृति, परम्परा घरेलु तथा साना उद्यम लगायत जनजीवीकासँग जोडिएको छ । बिशेष गरी मिथिलाबासीहरुको कला, संस्कृति, रितिरिवाज तथा चार्डपर्वमा बाँसजन्य सामानहरुको अधिक्तम प्रयोग गरिनुले पनि मधेशमा बाँसको उपयोगिता अझ बढी देखिन्छ । कार्यक्रमका प्रमुख अतिथि मधेस प्रदेशका वन मन्त्री त्रिभुवन साह रहेका थिए भने वन अनुसनधान तथा प्रशिक्षण केन्द्रका डा.राजेन्द्र केसी विरिष्ठ अतिथि रहेका थिए । वन सचिव उद्धव घिरिमे, रतौली युवा कल्वका कार्यकारी निर्देशक वैद्यनाथ चौरी लगायतका सहभागिता रहेको थियो ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन